जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौँ ।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौँ ।
- धुम्रपान र मद्यपान नगरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ | •अंक २८ | • २०८१ साल असार २ गते आइतबार (16 Jun, Sunday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## सत्तागठबन्धनमा बाँडफाँट मिलाउन बजेट भाषणमा ढिलाइ

# मधेश प्रदेशको बजेट ४३ अर्ब, ८९ करोड, २१ लख ७० हजार

**किरणकुमार कर्ण**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि मधेश प्रदेशको ४३ अर्ब, ८९ करोड, २१ लख ७० हजार बजेट बिनियोजन गरिएको छ।

मधेश प्रदेशका अर्थमन्त्री भरतप्रसाद साहले चालु खर्च तर्फ १६ अर्ब, ७ लाख १ हजार र पूँजीगत खर्च तर्फ २७ अर्ब ८९ करोड, १४ लाख ६९ हजार रकम बिनियोजन गरेका छन् ।पूँजीगत तर्फ कुल बजेटको ६३ दशमलव ५५ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको कुल बजेट ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रहेको थियो । तर आगामी आर्थिक वर्षमा संघीय सरकारले अनुदान कटौती गरेपछि बजेटको आकार घटेको अर्थमन्त्री साहले जनाए।

प्रदेश सरकारले पूर्वाधार निर्माणमा विशेष जोड दिएको छ । भौतिक पूर्वाधार विकास निर्माण मन्त्रालयका लागि सर्वाधिक बजेट बिनियोजन गरिएको छ। भौतिक मन्त्रालयका लागि कुल १३ अर्ब, ११ करोड, ५२ लाख ७४ हजार रकम बिनियोजन गरिएको मन्त्री साहले जनाए।

सबै भन्दा कम बजेट गृह, सञ्चार तथा कानुन मन्त्रालयका लागि बिनियोजन गरिएको छ । गृहमन्त्रालयका लागि ७७ करोड ५७ लाख ४ हजार मात्र विनियोजन गरिएको छ। त्यस मध्ये १२ करोड मधेश प्रदेश प्रहरीको प्रशासनिक भवन निर्माण र ८ करोड बारुणयन्त्र खरिदका लागि बिनियोजन गरिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि आगामी आर्थिक वर्षमा ५ अर्ब, २१ करोड, ६५ लाख ६ हजार बिनियोजन गरिएको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले सञ्चालन गर्न लागेको एमबीबीएस, बीडीएस लगायत स्नातक स्तरको अध्ययन अध्यापनका लागि विशेष बजेटको व्यवस्था गरिएको अर्थमन्त्री साहले बताएका छन्।

मधेश प्रदेश सरकारले उर्जा, सिँचाई तथा खानेपानी तर्फ ५ अर्ब १७ करोड, ९६ लाख ४२ हजार बजेट बिनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा २ करोड चार्जिंग स्टेशनमा लगानी गरिने अर्थमन्त्री साहले जनाएका छन्।

तर शिक्षामा बजेट कम गरिएको छ । शिक्षा तर्फ २ अर्ब ९० करोड, ५१ लाख ७६ हजार मात्र रहेको छ। जनमत पार्टीले शिक्षामा जोड दिदै आएको छ । शिक्षा मन्त्रालय एमालेको भागमा रहेको छ । बजेटमा मधेश विश्वविद्यालय वीरगञ्ज र मधेश कृषि विश्वविद्यालय राजविराजको नाम उल्लेखगरिएकोछैन्। तर नमुना विद्यालय, मधेश प्रदेश संस्कृति प्रतिष्ठान र मधेश भाषाका लागि बजेट बिनियोजन गरिएको छ । जनमत पार्टीले मधेश प्रदेशको भाषा 'मधेश भाषा' हुनुपर्नेमा जोडदिँदै आएको छ।मधेशमा बोलिने भाषा मधेश भाषा रहेको जनमत पार्टीको कथन छ।



कृषिलाई सरकारले प्राथमिकतामा राखेको छ। एक पालिका एक उत्पादनमा सरकारले जोड दिएको छ। आगामी आर्थिक वर्षका लागि कृषि मन्त्रालयको कुल बजेट २ अर्ब ७९ करोड १९ लाख रहेको छ। कृषिलाई सरकारले मधेश प्रदेशको प्रगतिको मुख्य क्षेत्र मानेको छ।

सरकारले कृषि सडक, कृषी लाइब्रेरी, बीउ बिजन लगायतलाई प्राथमिकतामा राखेको छ । पशुको नश्ल सुधारका लागि सरकारले बजेट बिनियोजन गरेको छ।

अर्थ मन्त्री भरतप्रसाद साहले चुरे संरक्षण, पानी र पर्यावरण जोगाउन बजेटमा विशेष जोड दिएका छन्। उनले वन तथा वातावरण मन्त्रालयका लागि २ अर्ब, ४२ करोड, ४० लाख, २५ हजार रुपैया बजेट बिनियोजन गरेको छ।

त्यसैगरि सरकारले आर्थिक वर्ष २०८१/०८२ मा पर्यटन प्रबर्द्धन गर्न पनि जोड दिएको छ। जानकी सर्किट लगायतका अन्य ४ वटा धार्मिक, सांस्कृतिक सर्किट निर्माण गरी मधेश प्रदेशको आठवटै जिल्लाका पर्यटकीय स्थलहरुलाई जोड्ने बजेटमा उल्लेख गरिएको छ।

मधेश प्रदेशको राजधानीजनकपुरधामको पोखरीहरुको सौन्दर्यकरणमा प्रदेश सरकारले जोड दिएको छ। उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि २ अर्ब ९८ करोड, ५८ लाख २२ हजार रुपैयाँ बिनियोजन गरिएको छ।

खेलकुद तथा सामाजिक मन्त्रालयका लागि सरकारले १ अर्ब ९५ करोड ८३ लाख ४६ हजार बजेट बिनियोजन गरिएको छ । बजेटमा जनमत लगायतका बिभिन्न दलहरु सम्बद्ध गैह्रसरकारी संस्थाहरु(एनजीओ) हरुको नाम उल्लेख गरी बजेट बिनियोजन गरिएको छ।

सरकारले श्रम तथा यातायात मन्त्रालयका लीग ९९ करोड ९७ लाख ४८ हजार बजेट बिनियोजन गरिएको छ। सरकारले सीपमूलक तालिम र शिक्षामा जोड दिएको छ।

अर्थमन्त्री साहले बजेट वाचन गर्न झण्डै १ घण्टा समय लिएका थिए । बजेट निर्धारित समय भन्दा पौने ४ घण्टा ढिलोगरि राती पौने ८ बजे प्रस्तुत भएको थियो।

अर्थ मन्त्री साहले बजेट प्रस्तुत गरेपछि केही समयका लागि प्रदेश सभाको बैठक स्थगित गरिएको थियो ।त्यसपछि अर्थमन्त्री साहले आर्थिक वर्ष २०८१/०८२ लागि आर्थिक ऐन प्रस्तुत गरेका थिए ।प्रदेश सभाले सो ऐन पारित गरेको छ।

## बजेटको मिश्रित प्रक्रिया

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले सार्वजनिक गरेको बजेटप्रति विपक्षी दलले असन्तुष्टि जनाएको छ।

प्रमुख विपक्षी दल नेपाली कांग्रसका प्रदेशसभा सदस्य रामसरोज यादवले बजेट सोचेको अनुसार नयाँपन ल्याउन नसक्नु दुःखद रहेको टिप्पणी गरेका छन्।

निवर्तमान अर्थमन्त्री सञ्जय कुमार यादवले बजेट असन्तुलित रहेको बताउँदै आन्तरिक राजस्वबाट ७ अर्ब बढी असुल हुन नसक्ने यथार्थ बुझेर पनि १३ अर्ब असुल गर्ने लक्ष्य राखिएको बताएका छन्।

बजेट बितरणमुखी रहेको आरोप लगाउँदै मधेश प्रदेशमा पहिलो पटक गैह्रसरकारी संस्थाहरुको नाम किटानगरि बजेट बिनियोजन गरिएको बताए।

पूर्वभौतिक पूर्वाधार विकासमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य यादवले प्रदेश सरकारले ल्याएको बजेट उत्पादन क्षेत्रभन्दा बढी बजेट अनुत्पादक क्षेत्रमा छुट्याएको बताए। उनले चुरे क्षेत्र, जल र जंगलको संरक्षण, संवर्द्धन र विस्तारलगायत विभिन्न क्षेत्रमा विनियोजन गर्नुपर्नेमा सो नदेखिएको बताए।

त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालकी प्रदेशसभा सदस्य रानीकुमारी तिवारीले प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक बजेटमा नयाँ केही पनि नरहेको बताइन्।

उनले सरकारले नीति तथा कार्यक्रममा प्रस्तुत गरी सस्तो लोकप्रियतासहितका विभिन्न नारा र अभियानहरु रहे पनि बजेटमा नदेखिएको बताइन् । सरकारले एक निर्वाचन क्षेत्र एक नमूना विद्यालयमा २५ लाख रुपैयाँ छुट्याएर कस्तो खाले नमूना विद्यालय बनाउन खोजिएको हो भन्दै प्रतिप्रश्न समेत उनले गरिन्। उनले नमूना विद्यालयका लागि स्पष्ट योजनासहित बजेट बढी हुनुपर्नेमा न्यून बजेट छुट्याएर विद्यायलको विकास नहुने बताइन्।

कृषि क्षेत्रमा पनि नारा बढी रहेको भन्दै उनले भनिन्, 'उर्जा मन्त्रालयभन्दा पनि न्यून बजेट कृषि क्षेत्रमा विनियोजन गरिएको छ। जुन कृषि र शिक्षातर्फ प्रदेश सरकारसंग यस्तो अपेक्षा थिएन ।' नारा बढी र बजेट कम छुट्याएर नारामुखी सरकार मात्र रहेको टिप्पणी गर्न सकिने उनले बताइन्।

त्यस्तै नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले समग्रमा बजेट समय सापेक्ष नै रहेको बताए । उनले विगतको सरकारका कारणले संघीय सरकारबाट आउने दुई अर्ब रुपैयाँ रकम आउन नसक्नु मधेश प्रदेशका लागि दुःखद रहेको बताए । यसका लागि वर्तमान सरकारले पहल गर्नुपर्ने बताए।

सरकार फेरबदलका कारण वर्तमान सरकारले ल्याएको बजेट हतारमा ल्याएको जस्तो पनि देखिएको उनले बताए।

त्यस्तै जनमत पार्टीका महासचिव चन्दन सिंहले बजेट सराहनीय रहेको टिप्पणी गरे । समग्रमा बजेट राम्रो रहेको भन्दै सार्वजनिक गरिएको बजेट समयमै प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए।

महासचिव सिंहले हरेक विचारलाई समेटिएको र प्रगतिशील बजेट रहेकाले गम्भीरतापूर्वक कार्यान्वयनमा पक्षमा ध्यान दिनुपर्ने बताए।

नेकपा एकीकृत समाजवादीका प्रदेशसभा सदस्य रत्नेश्वर गाइतले वर्तमान सरकारले ल्याएको बजेट जनमुखी रहेको बताए । सरकारले सार्वजनिक गरेको बजेट छुट्याएको लक्षित वर्गसम्म पुऱ्याउनुपर्ने तर्फ ध्यान दिनुपर्ने उनले बताए। उनले लक्षित वर्गका लागि छुट्याइएको बजेट सरोकारवालसम्म नपुगेर अन्यत्रै पुग्दा विगतमा सरकारको आलोचना हुने गरेकाले यसप्रति सचेतता अपनाउनुपर्ने सुझाव समेत दिए।

त्यस्तै नेकपा माओवादी केन्द्रकी प्रदेशसभा सदस्य मालाकुमारी कर्णले विगतको सरकारले ल्याएको राम्रा योजनाहरुको निरन्तरता दिनुपर्नेमा जोड दिइन्।






# लागू औषध विरुद्ध युवालाई प्रशिक्षण

**टुडे समाचारदाता**

राजविराज । लागू औषधको कुलतबाट युवाहरुलाई जोगाउन प्रशिक्षण कार्यक्रम चलाइएको छ । राजविराज नगरपालिकाको सहयोग, ४ नं. वडा कार्यालयको समन्वय तथा सोसाइटी वेलफेयर मिसन नेपाल सप्तरीको आयोजनामा शनिवार देखि २ दिने प्रशिक्षण सुरु गरिएको छ ।

लागू औषध विरुद्धको सचेतना नाम दिई चलाईएको प्रशिक्षण कार्यक्रमको एक कार्यक्रम बीच राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत प्रविणले ब्यानर वाचन गेरेर शुभारम्भ गरेकी छन् ।




सो अवसरमा उनले विशेष गरी कुलतमा फसेका युवाहरुमा झाँगिदै गएको लागू औषध सेवन प्रवृत्तिले उनको शरीरमा मात्र नभई समाजमा समेत नकारात्मक असर पुऱ्याएरहेको बताइन । लागू औषध दुर्व्यसनी जस्ता विकृति र विसंगती अन्त्य गर्न तथा युवामा यसको हानी नोक्सानी बारे जनचेतना वृद्धि गर्ने लक्ष्यका साथ यस्तो अभियान शुरु गरिएको उनको भनाइ छ ।

लागू औषध बारे कानुनी व्यवस्था, यसको प्रयोगबाट हुने हानी, घर समाजमा पर्ने असर र यसबाट बच्ने उपायबारे सहभागीहरुलाई प्रशिक्षक विनय लालकर्ण र नरेश चौधरीले प्रशिक्षण दिइरहेका छन् । २ दिन सम्म चल्ने प्रशिक्षणमा ४ दर्जनभन्दा बढी युवाहरुको सहभागिता रहेको छ । प्रशिक्षण कार्यक्रम उद्घाटन समारोहमा नगरपालिकाका स्वास्थ्यय शाखा प्रमुख निरंजन यादव, वडा ४ का अध्यक्ष दिनेश प्रसाद साह, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद् सदस्य मनोज कुमार माझी लगायतले पनि बोल्दै सामाजिक विकृतिका रुपमा रहेका लागू औषध दुर्व्यसनी नियन्त्रनका लागि गरिनु पर्ने प्रयासहरु बारे आ-आफ्नो धारणा राखेका थिए ।

# उखु किसानले पाए एक अर्ब ६१ करोड भुक्तानी

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको गौशाला नगरपालिका-१ रामनगरमा अवस्थित एभरेष्ट सुगर मिलबाट उखु किसानले एक अर्ब ६१ करोड १० लाख ६३ हजार भुक्तानी पाएका छन् ।

एभरेष्ट सुगर मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले १४ हजार पाँच सय किसानलाई उत्साहित भएका उखु किसानले थप जमिनमा उखु रोप्ने उनले बताए । गौशाला नगरपालिका-११ का किसान दिनेश कुशवाहाले थप जमिनमा खेती बढाउने बताए ।

उक्त मिलले चालु आर्थिक वर्षमा महोत्तरी, धनुषा, सर्लाही र रौतहटका १४ हजार चार सय ४४ जना किसानबाट २९ लाख



उक्त रकम भुक्तानी दिइएको बताए । उनले भने-'चालु आर्थिक वर्षको किसानको बक्यौता चुक्ता भएको छ ।'

समयमै भुक्तानी पाएपछि चार हजार पाँच सय ११ क्विन्टल उखु खरिद गरेर कूल दुई लाख ६४ हजार चार सय ९१ क्विन्टल चिनी उत्पादन गरेको महाप्रबन्धक ठाकुरले जानकारी दिए ।

# प्रदेशबासी अब संघीयताको अनुभूति गर्छन् : मुख्यमन्त्री सिंह



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले अब प्रदेशबासी संघीयताको महसुस गर्ने बताएका छन् ।

मधेश भवनस्थित मुख्यमन्त्री निवासमा शुक्रबार नेपाल मधेशी निजामती कर्मचारी मंचका केन्द्रीय पदाधिकारीहरुसंग छलफल गर्दै उनले यस्तो धारणा राखे । उनले भने, 'विगतको गलत प्रवृत्ति अब समाप्त हुन्छ । अब संघीयताको महसुस हुनेगरी काम गर्छौं ।'

मुख्यमन्त्री सिंले संघीयताको कार्यान्वयन गराउन जनप्रतिनिधि र कर्मचारीहरुको अहम भूमिका हुनुपर्नेमा जोड दिए । 'अहिले संघीयताप्रति नकारात्मक सन्देश फैलिरहेको भन्दै संघीयता कार्यान्वयन गराउन जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरू सजग रहनुपर्छ,' उनले भने ।

मुख्यमन्त्री सिंहले भ्रष्टाचार बढेपछि संघीयताप्रति नकारात्मक टिकाटिप्पणी भइरहेकाले सुशासनको प्रत्याभूति गराउन कुनै कसर बाँकी रहन नदिने बताए । उनले राष्ट्रसेवक कर्मचारीहरुले जनताको काम सहज तरिकाले र समयमै गर्नुपर्नेमा जोड दिए ।

# पालिकाबाटै राष्ट्रिय परिचयपत्र



**टुडे समाचारदाता**

मलंगवा । जिल्ला प्रशासन कार्यालय सर्लाहीले स्थानीय तहको कार्यालयबाटै राष्ट्रिय परिचयपत्रको विवरण संकलन गर्ने भएको छ ।

कार्यालयले शनिबार सूचना जारी गरी जिल्ला प्रशासन कार्यालय रहेको मलंगवा नगरपालिका र इलाका प्रशासन कार्यालय रहेको हरिवन तथा बरहथवा नगरपालिकाबाहेक अन्य १७ वटा पालिकामा राष्ट्रिय परिचयपत्रको विवरण संकलनका लागि टोली खटाउने भएको छ ।

कार्यालयले यसअघि शुक्रबार सूचना जारी गरी ईश्वरपुर नगरपालिकाको कार्यालयमा रहने स्टेसनबाट ईश्वरपुर नगरपालिकाभित्रका नागरिक र गोडैता नगरपालिकाको कार्यालयमा रहने स्टेसनबाट गोडैता नगरपालिकासहित बलरा नगरपालिका, विष्णु गाउँपालिका र रामनगर गाउँपालिकाका बासिन्दाको राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गर्ने उल्लेख गरेको थियो ।

शनिबार फेरि शुक्रबारको उक्त सूचनालाई परिमार्जन गरी जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालय नरहेका १७ वटै पालिकामा पालैपालो कर्मचारी परिचालन गरेर विवरण संकलन गर्ने उल्लेख गरिएको छ । सोही अनुसार असार ३ देखि ६ गतेसम्म बलरा नगरपालिका, गोडैता नगरपालिका र ईश्वरपुर नगरपालिकामा विवरण संकलन टोली खटिने भएको छ ।

रामनगर गाउँपालिकामा असार ३ देखि ५ गतेसम्म राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गर्ने टोली बस्ने छ । उक्त टोली असार ७ देखि ९ गतेसम्म भने धनकौल गाउँपालिका, विष्णु गाउँपालिका, चन्द्रनगर गाउँपालिका र बसबरिया गाउँपालिकामा बस्ने छ ।

त्यस्तै कौडेना गाउँपालिका र चक्रघट्टा गाउँपालिकामा असार १० देखि १२ गतेसम्म तथा हरिपुर नगरपालिका र हरिपूर्वा नगरपालिकामा असार १० गतेदेखि १३ गतेसम्म राष्ट्रिय परिचयपत्रको विवरण संकलनका लागि जिल्ला प्रशासन कार्यालयले कर्मचारी टोली परिचालन गर्ने छ । यी १२ वटा पालिकामा विवरण संकलन भएपश्चात् प्रशासन कार्यालय नरहेको बाँकी पाँच पालिकामा यसैगरी मिति तोकेर कर्मचारी खटाइने प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिए ।

प्रजिअ अधिकारीका अनुसार पालिकाको कार्यालयमै गएर विवरण संकलनका लागि आवश्यक कर्मचारी र उपकरणको प्रबन्ध भइसकेको छ । आगामी साउनदेखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन अनिवार्य गरिएपछि केही दिनदेखि जिल्ला प्रशासन कार्यालय मलंगवा र हरिवन तथा बरहथवामा रहेका इलाका प्रशासन कार्यालयमा विवरण दर्ता गर्ने सेवाग्राहीको थेगिनसक्नु भीड लागेको थियो ।

कार्यालयमा एकैपटक धेरै सेवाग्राही पुग्दा काम गर्न अप्ठ्यारो परेको र सेवाग्राहीले पनि सास्ती खेप्नु परेपछि पालिकाकै कार्यालयमा कर्मचारी खटाएर विवरण लिन लागिएको छ । जिल्ला प्रशासन कार्यालयले अब आ-आफ्नो पालिकामा आउने टोलीलाई पर्खिएर राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउन आग्रह गरेको छ ।

तीन वर्षअघि पनि यसैगरी प्रत्येक पालिकामा टोली परिचालन गरी राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउने काम गर्दा धेरैले बेवास्ता गरेका थिए ।

# सीमा अपराध र सुरक्षाको महत्त्वबारे छलफल

**टुडे समाचारदाता**

गौर । सीमा सुरक्षाको महत्व तथा सीमा अपराध नियन्त्रण विषयबारे सशस्त्र प्रहरीले रौतहटको ईहनाथ नगरपालिका ४ स्थित सीमावासीसँग छलफल कार्यक्रम गरेका छन् ।



ईशनाथ नगरपालिका-४ काली मन्दिरस्थित मुख्य सीमा स्तम्भ नं. ३४९ नजिकै नेपाल भारत अन्तर्राष्ट्रिय सीमा इलाकामा सशस्त्र प्रहरीले सीमावासीसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

सीमा सुरक्षा तथा सीमा अपराध नियन्त्रण गर्नमा सशस्त्र प्रहरीको अहम् भूमिकाबारे चर्चा गर्दै ईशनाथ नगरपालिकाका नगरप्रमुख कौशल्या देवीले यस्ता दायित्व निर्वाह गर्न सशस्त्र प्रहरी कटिबद्ध रहेको बताए ।

नगरप्रमुख देवीले सर्वसाधारण जनतालाई घरायसी प्रयोजनको सामग्री तथा किसानलाई खेती गर्नका लागि मल, खाद्य तथा विउविजन सीमावर्ती भारतीय बजारबाट ल्याउन दुवै देशका सुरक्षा निकायले सहजता प्रदान गर्नुपर्ने आग्रह गरे ।

कार्यक्रममा वर्षायामको सुरुवातसँगै बर्सेनि हुने बाढी डुबानबाट हुने ठूलो जनधनको क्षति जोगाउनु पर्ने उपाय तथा भारतीय पक्षद्वारा निर्मित साइफन बाढी डुबानबाट क्षति हुनु अगावै खोल्न पहल गर्ने, सीमामा हुन सक्ने अवैध गतिविधिको सशक्त अनुगमन तथा निगरानी गर्ने, सीमा स्तम्भको रेखदेख, सीमा सुरक्षाको महत्व, खेतीपातीको समयमा किसानलाई मलखाद्य तथा विउविजन ल्याउन भारतीय समकक्षी एसएसबी लगायत दुवै देशका निकायद्वारा सहजीकरण गर्ने विषयमा छलफल भएको सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वाटर रौतहटका सशस्त्र प्रहरी उपरीक्षक विक्रम होमागाईले बताए ।

त्यस्तै, सीमासँग जोडिएको पालिकाका स्थानीयवासीले उत्पादन गरेको कृषि तथा अन्य सामग्रीहरू जिल्लाभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा हैरानी बेहोर्नु पर्ने समस्या समाधान हुनुपर्ने माग राखेको जानकारी उनले दिए ।

सीमा नजिक रहेका मदिरा पसल एउटा निश्चित समयमा खोल्ने तथा बन्द गर्ने, सीमा इलाकामा आवतजावत गर्ने सर्वसाधारणलाई शौचालयको निमार्णका लागि पहल गर्ने, भारतीय नम्बरको सावरी साधना वारिपारि व्यवस्थापन गर्ने विषयमा छलफल भएको तथा स्थानीयवासीले राखेको जिज्ञासाको सम्बोधन सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वाटर रौतहटका सशस्त्र प्रहरी उपरीक्षक होमागाईले गरेका थिए ।

कार्यक्रममा ईशनाथ नपाका नगरप्रमुख देवी, सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वाटर रौतहटका सशस्त्र प्रहरी उपरीक्षक होमागाई, सीमा सहजीकरण समितिका संयोजक तथा सदस्यहरू, ईशनाथ नपा वडा नं. २ र ४का वडाध्यक्षहरू, भद्रभलादमी, स्थानयीवासीहरु लगायत सशस्त्र प्रहरीका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# 'मन्त्री पुनर्गठनमा सहमति नभएपछि एमाले तिर भागे प्रचण्ड'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको इच्छा अनुसार मन्त्रिमण्डल पुनर्गठन नहुँदा एमालेको कित्तामा भागेको आरोप लगाएका छन् ।

जनकपुरधाममा शनिबार नेपाली कांग्रेसको प्रशिक्षण शाखाले आयोजना गरेको महिला सशक्तीकरण तथा नेतृत्व विकास प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्री समेत रहेका निधिले कांग्रेससंगको सरकारको एक वर्षपछि प्रधानमन्त्री प्रचण्डले मन्त्रिमण्डल पुनर्गठन गर्न चाँहदा कांग्रेसले नमानेपछि सत्ता गठबन्धन टुटेको बताएका छन् ।

सत्ताका लागि हरेक दल प्रयासरत रहने गरेको भए पनि अहिले प्रतिपक्षमा रहेको कांग्रेस जनताको हितका लागि एक सरकार सरह नै काम गरेर जनताको सहानुभुतिका लागि अग्रसर हुन पर्ने नेता निधिले बताए ।

# ७१ जिल्लामा फैलियो डेङ्गु सङ्क्रमण

काठमाण्डु । डेङ्गु रोगको सङ्क्रमण ७१ वटा जिल्लामा फैलिएको छ । गत जेठ ११ गतेसम्म ५७ जिल्लामा फैलिएको डेङ्गु हाल ७१ जिल्लामा पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा गोकर्णप्रसाद दाहालले मौसम परिवर्तनसँगै गर्मीका कारणले डेङ्गुको सङ्क्रमण बढेको बताउनुभयो ।

उहाँले गर्मीमा मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेङ्गुको जोखिम बढेको बताउनुभयो । "गर्मीमा पानी सङ्कलन गरेर राख्ने गरिन्छ । त्यसरी सङ्कलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार ७१ जिल्लामा एक हजार एक सय ३० जनामा सङ्क्रमणमा देखिएको छ । गत वर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनालाई डेङ्गु रोगको सङ्क्रमण देखिएको थियो । उहाँका अनुसार कोशी प्रदेशमा दुई सय ७२, मधेस प्रदेशमा ३०, बागमती प्रदेशमा तीन सय ९०, गण्डकी प्रदेशमा एक सय ७५, लुम्बिनी प्रदेशमा एक सय ३२, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा एक सय १५ जनामा सङ्क्रमण देखिएको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-४ स्थित हरैयामा खेतमा लगाइएको गेनाको फूल टिप्दै स्थानीय कृषक महिला। प्रतिकिलो ४ सयको दरले फुल बिक्री हुने गरेको छ *तस्विरः रासस*

# राप्रपा नेपालको राष्ट्रिय महाधिवेशन आगामी फागुनमा

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा नेपाल)को राष्ट्रिय महाधिवेशन आगामी फागुन ७ देखि ९ गतेसम्म काठमाडौँमा हुने भएको छ । यही जेठ ३१ र ३२ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले महाधिवेशन आह्वान गरेको पार्टीका नेता सुरेश आचार्यले जानकारी दिनुभयो ।





समान बिचारधारा भएका शक्तिहरूका बीचमा बृहत् राष्ट्रिय मोर्चा बनाउने निर्णय गरेको बैठकले अध्यक्ष कमल थापाद्वारा प्रस्तुत 'समसामयिक परिस्थिति र राप्रपा नेपालको कार्यदिशा र कार्यक्रम' पारित गरेको छ ।

महङ्गी भ्रष्टाचारबिरुद्ध देशव्यापीरुपमा अभियान सञ्चालन गर्ने निर्णय गरेको बैठकले ' उच्चस्तरीय भ्रष्टाचार नियन्त्रण नागरिक आयोग' गठनको माग गरेको छ। पार्टी सङ्गठन सुदृढीकरण लागि देशभर राजनीतिक गतिविधिको समीक्षा गरिएको बैठकमा वडादेखि केन्द्रसम्मको राजनीतिक कार्यसूची सार्वजनिक गरेको छ ।मुलुकको समसामयिक विषयवस्तु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक अवस्थाबारे छलफल गरिएको बैठकमा पार्टीको भावी कार्ययोजना तथा रणनीतिबारे समीक्षा गरिएको छ ।रासस

# राष्ट्रपति पौडेल स्वागत समारोहमा सरिक



जेनेभा । राष्ट्रपति रामचन्द्र पौडेल यहाँस्थित नेपाली राजदूतावासद्वारा उहाँको सम्मानमा आयोजित स्वागत समारोहमा सरिक हुनुभयो ।

सो अवसरमा राष्ट्रपति पौडेललाई स्वीटजरल्याण्डका लागि नेपाली राजदूत रामप्रसाद सुवेदी तथा यहाँस्थित नेपालीहरूले स्वागत गर्नुभएको थियो ।

सो अवसरमा राजदूत सुवेदीले स्वीस-नेपालको सम्बन्ध, विकास र सहयोगका विविध पक्षबारे जानकारी गराउनुभएको थियो ।

साथै स्वीटजरल्याण्डमा रहेका नेपालीबारे जानकारी गराउनुभएको राष्ट्रपतिको स्वकीय सचिबालयले जनाएको छ ।

समारोहमा राजदूत सुवेदीले २५ वर्षपछि पहिलो पटक नेपालका राष्ट्रपतिसँग स्वीट्जरल्याण्डका राष्ट्रपतिबाट भएको भेटले दुवै देशको सम्बन्ध अझ सुदृढ़ गराएको बताउँदै आईएलओको कार्यक्रममा उहाँको सम्बोधनले नेपालको अन्तर्राष्ट्रिय पहिचानलाई स्थापित गराएको उल्लेख गर्नुभयो ।

राष्ट्रपति पौडेलले अन्तर ाष्ट्रिय श्रम सङ्गठनको जेनेभामा भएको ११२औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनको उच्चस्तरीय सत्रमा आयोजना गरिएको सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनको उद्घाटन सत्रलाई बिहीवार मूख्य वक्ताका रूपमा सम्बोधन गर्नुभएको थियो ।उहाँ मित्र राष्ट्र जर्मनीको भ्रमणका लागि भोलि त्यसतर्फ प्रस्थान गर्नुहुने राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ ।रासस

# सूचना प्रविधि विकास गर्न सरकारले उच्च प्राथमिकता दिएको छ : अर्थमन्त्री पुन

ललितपुर । अर्थमन्त्री वर्षमान पुनले मुलुकमा सूचना प्रविधि क्षेत्रको विकासका लागि नीतिगत स्थिरता र पूर्वाधार विकास सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

डिजिटल मिडिया फाउन्डेसनद्वारा शनिबार आयोजित 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स सम्मेलन, २०८१' मा उहाँले सूचना प्रविधिका क्षेत्रमा फड्को मार्न् आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत सरकारले महत्वाकाङ्क्षी योजना अघि सारेको छ भन्नुभयो ।"सरकारले बजेटमार्फत सूचना प्रविधि क्षेत्रमा लगानी दशक घोषणा गरेर यो क्षेत्रलाई महत्वका साथ अघि बढाएको छ । अबको १० वर्षमा करिब रु ३० खर्बको निर्यात र १५ लाख जनशक्तिलाई रोजगारीको सम्भावना देखिएको छ । यसका लागि सरकारले नीतिगत स्थिरता र सूचना प्रविधि क्षेत्रको पूर्वाधार निर्माणलाई जोड दिइएको छ", उहाँले भन्नुभयो, "पाँच वर्षसम्म करका नीति नफेर्ने, काठमाडौँ उपत्यकाका कम्तीमा १० ठाउँ र प्रत्येक प्रदेशमा आइटी पार्क बनाएर तीन वर्षसम्म कुनै शुल्क नलिने योजना सरकारले बनाइरहेको छ ।"

आगामी आवको बजेटमार्फत सरकारले नयाँ चरणको आर्थिक सुधारको प्रयास थालेको र मुलुकको आर्थिक समृद्धिका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई सँगसँगै अघि बढाउने नीति सरकारले लिएको उहाँले जानकारी दिनुभयो ।





अर्थमन्त्री पुनले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलीजेन्स-एआई) को विकासलाई मानव सभ्यता माथिको चुनौतीका रुपमा समेत हेर्न थालिएको भए पनि यसलाई औद्योगिक क्रान्तिको अर्को चरणका रुपमा लिइनुपर्ने र समग्र विकासका लागि महत्वपूर्ण माध्यमका लागि विकास तथा प्रयोग गरिनुर्छ भन्नुभयो । "एआईसँग समुदाय नै आतङ्कित छ । कृतिम बौद्धिकतासँग मानव जाति नै चिन्तित छ । मान्छेले जस्तै सोच्न सक्नेजस्तै गरी एआइले पनि सोच्न सक्ने भएपछि यो प्रविधि मान्छेको सहयोगीको रुपमा रहन सक्छ कि सक्दैन भन्ने मुख्य चुनौती हो", उहाँले भन्नुभयो, "तर मानव जीवनलाई सहज बनाउनका लागि प्रविधिको प्रयोग अति आवश्यक छ र यो जीवनको यथार्थ बनिसकेको छ ।" वस्तु तथा सेवाको उत्पादनमा सूचना प्रविधिको प्रयोगलाई औद्योगिक क्रान्तिको पाँचौँ चरणका रुपमा लिने गरिएको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पुनले नेपालजस्ता मुलुकले यसलाई अवलम्बन नगर्ने हो भने आर्थिक र प्रविधिका क्षेत्रमा थप पछि पर्दै जाने बताउनुभयो ।

कार्यक्रममा एआइविज्ञ डा विवेक पौडेलले सूचना प्रविधि क्षेत्र र एआइले सरकारको नीति कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्नुभयो । उहाँले भन्नुभयो, "पूर्वाधार निर्माण, कृषि क्षेत्र, सेवा प्रवाह, स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा एआइको प्रयोगले उल्लेख्य नतिजा दिनसक्छ । मुलुकको अर्थतन्त्र र रोजगारी विकासमा यसको भूमिका महत्वपूर्ण हुन्छ ।"

डिजिटल मिडिया फाउन्डेसनका अध्यक्ष प्रवेश सुवेदीले नेपालमा सूचना प्रविधि क्षेत्रको विकास कमजोर रहेको जनाउनुहुँदै विश्वस्तरमा प्रतिस्पर्धाका लागि सरकारको नीति, लगानीलगायतका आवश्यक सहयोग आवश्यक पर्छ भन्नुभयो । उहाँले भन्नुभयो, "सन् १९९५ देखि २००५ सम्ममा नेपाल सूचना प्रविधि क्षेत्रको विकासमा अन्य थुप्रै देशसँग प्रतिस्पर्धी भए पनि त्यसलाई निरन्तरता दिन नसक्दा नेपाल अहिले पछि परेको छ । सञ्चार क्षेत्रले पनि नयाँ प्रविधि अवलम्बन नगर्ने हो भने मूलधारका सञ्चारमाध्यमलाई वैकल्पिक सञ्चारमाध्यमले छायामा पार्न सक्छ । "

सम्मेलनकासहभागीलाई एआइले मन्तव्यमार्फत स्वागत गर्नुका साथै कार्यक्रमबारे प्रकाश पारेको थियो । अध्यक्ष सुवेदीले मोबाइल फोनमार्फत स्वागत मन्तव्यका लागि (प्रम्प्ट) निर्देशन दिएका थिए । लगत्तै एआइ प्लाटफर्म च्याट जिपिटीले कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री पुनसहित अतिथिलाई मन्तव्यमार्फत स्वागत गरेको थियो ।

सम्मेलनमा एआइकै प्रयोग गरी तयार पारिएको भिडियोमार्फत कार्यक्रमबारे प्रकाश पारिएको थियो । भिडियोमा कृत्रिम बौद्धिकतामार्फत तयार पारिएका टेलिभिजन कार्यक्रम प्रस्तोताझैँ लाग्ने एक युवकले सम्मेलनको आवश्यकता, एआइले विश्वभर र नेपालमा ल्याउन सक्ने अवसर र चुनौती तथा सञ्चार माध्यमको भविष्य, सार्वजनिक सेवाको प्रयोगलगायत विषयमा प्रस्तुति दिएका थिए ।

कार्यक्रममा आमसञ्चारका प्राडा भानुभक्त आचार्यले एआइ प्रयोगले व्यक्तिको क्षमता अभिवृद्धि गरेर थोरै समयमा धेरै काम गर्न सकिने सन्देश दिएको बताउनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेले एआइको प्रयोगले तथ्य पहिचान, परीक्षण र प्रस्तुतिमा पत्रकारिता क्षेत्रले लाभ लिन सक्ने सम्भावना देखिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "एआइका प्रयोगमा पत्रकारले सधैँ होसियारी अपनाउनुपर्छ । "रासस

# नवप्रवर्तनसम्बन्धी कानुन तयार गरिँदै

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुसन्धान, आविष्कार र नवप्रवर्तनलाई प्रोत्साहन गर्न पहिलोपटक विज्ञान-प्रविधि तथा नवप्रवर्तनसम्बन्धी कानुनको मस्यौदा तयार गरेको छ।

मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक सो मस्यौदामाथि १५ दिनभित्र सुझाव दिन सरोकारवाला, आम नागरिक र जनप्रतिनिधिलाई आग्रहसमेत गरिएको छ । राष्ट्रिय 'राष्ट्रिय विज्ञान तथा नव-प्रवर्तन नीति', २०७६ को कार्यान्वयनका क्रममा मस्यौदा गरिएको सो विधेयकमा यस क्षेत्रलाई उच्च रणनीतिक तहबाट मार्गदर्शन गर्न प्रधानमन्त्रीका अध्यक्षतामा विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद् गठनको प्रस्ताव गरिएको छ। हाल नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले यस क्षेत्रको समग्र अगुवाइ गर्दै आएको छ। विधेयकमा यस क्षेत्रका लागि गुरुयोजना निर्माण, अनुसन्धान, विकास र सुशासनका लागि सरकार, गैरसरकारी क्षेत्र र अनुसन्धानकर्ताबीचको समन्वय, स्वामित्व, उपयोग, व्यवस्थापन, सर्वेक्षण, आविष्कारको प्रवर्द्धन, अनुसन्धानको व्यवसायीकरण र प्रणालीको विकासलगायत विषय समावेश गरिएको छन् ।

सरकारको आगामी आर्थिक वर्ष २०८१/ ८२ को नीति तथा कार्यक्रममा 'वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन तथा आविष्कारका कार्यक्रम कार्यान्वयन गर्न विश्वविद्यालय, विद्यालय, अनुसन्धानकर्ता र वैज्ञानिकलाई परिचालन गर्नुका साथै यस कार्यमा गैरआवासीय नेपालीलाई सहभागी हुन आह्वान गरिने उल्लेख छ । विज्ञान, सञ्चार तथा सूचना प्रविधि विषय समेट्ने गरी विश्वविद्यालयको पाठ् यक्रम परिमार्जन गर्ने, अनुसन्धान र नवप्रवर्तनबाट विकसित ज्ञान र उत्पादनको 'पेटेण्ट' दर्ता गर्न र उत्पादनलाई बजारमा पुऱ्याउन सहजीकरण गरिने सरकारको नीति तथा कार्यक्रम रहेको छ।

यस प्रस्तावित कानुनले सम्बोधन गरेको मन्त्रालयका सहसचिव इन्दुविक्रम जोशीले जानकारी दिनुभयो । उहाँले कानुन बनेपछि विज्ञान र प्रविधिको विकासमा स्पष्ट कोष खडा भई लगानी वृद्धि हुने र खर्च गर्ने तरिकासमेत स्पष्ट हुने बताउनुभयो ।

मस्यौदामा नेपालमा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र, प्रदेश तहमा उच्चस्तरको अनुसन्धानशाला,





युवा प्रतिभालाई पलायन हुन नदिई देशभित्रै राख्ने र उद्यमशीलताको प्रवर्द्धन गर्ने नीतिहरु समावेश गरिएको छ । नीतिले यस क्षेत्रमा कूल गार्हस्थ्य उत्पादनको न्यूनतम एक प्रतिशत बजेट विनियोजन हुनुपर्ने उल्लेख छ । हाल शून्य दशमलव ३० प्रतिशत मात्र लगानी छ । नीति जारी भएका बखत नेपालमा विज्ञान तथा प्रविधिको अनुमानित एक सय २० भन्दा बढी संस्था र ९० हजार जनशक्ति रहेको अनुमान भए पनि हाल यसको यकिन तथ्याङ्क मन्त्रालयसँग छैन ।

विज्ञान र प्रविधिको उपयोगको विस्तारबारे जनचेतना फैलाउने, वैज्ञानिक खोज तथा अनुसन्धानमा संलग्न नवप्रतिभालाई प्रोत्साहित गर्ने, विज्ञान प्रविधि अध्ययन अध्यापनमा विद्यार्थी तथा शिक्षकलाई आकर्षित गर्ने र युवा जनशक्तिलाई स्वदेशमा नै रहेर रोजगारीको वातावरण सिर्जना गरी प्रतिभा पलायनको प्रवृत्तिलाई न्यूनीकरण गर्ने लक्ष्य विधेयकले लिएको छ ।

सरकारले सातौ राष्ट्रिय विज्ञान दिवसको अवसर पारेर समृद्ध नेपालको लक्ष्यअनुकूल 'राष्ट्रिय विज्ञान तथा नव-प्रवर्तन नीति, २०७६' सार्वजनिक गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट सार्वजनिक सो नीतिले 'दिगो विकास र समृद्धिका लागि विज्ञान तथा नव-प्रवर्तन' को सोच र 'विज्ञान प्रविधिको विकास, नव-प्रवर्तनको उपयोग र वैज्ञानिक संस्कृतिको प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी नागरिकको जीवनयापनमा सहयोग गर्दै समृद्ध नेपाल निर्माणमा योगदान गर्ने' लक्ष्य लिएको छ । नयाँ नीति जारीसँगै १५ वर्ष अघिको राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०६१ खारेज भएको थियो ।

वैज्ञानिक प्रा डा दिनेशराज भूजूको संयोजकत्वमा रहेको नौ सदस्यीय कार्यदलले देश विदेशका विज्ञ र सरोकार भएकासँग छलफल गरी आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सो नीतिसम्बन्धी प्रतिवेदन पेस गरेको थियो । विश्व नवप्रवर्तन सूचक (जिआइइ) मा नेपालको स्थान एक सय नौ रहेकामा सोभन्दा तल ल्याउन नवप्रवर्तनात्मक नीति र कार्यक्रममार्फत पहल गर्न नीतिगत र कानुनी प्रबन्ध गर्न विज्ञहरुले जोड दिँदै आएका थिए ।

संविधानमा विज्ञान तथा प्रविधिलाई देशको विकाससित आबद्ध गर्दै वैज्ञानिक अध्ययन, अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति व्यवस्था गरेको छ । मुलुकको द्रुत आर्थिक विकास र प्रगतिशील समाजको उत्थानको सपनालाई साकार बनाउने मूल आधार नै नवप्रवर्तनसहितको प्रविधि र वैज्ञानिक दृष्टिकोण जगाउने शिक्षा पद्धतिका लागि पनि सो नीतिले योगदान दिनेछ ।रासस

# थारू संस्कृतिको संरक्षण गर्न साझा मानक भाषा बनाउनुपर्ने

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले थारू कला, संस्कृति र भाषाको संरक्षण गर्न साझा मानक भाषा बनाउनुपर्ने बताउनुभएको छ । थारू कल्याणकारी सभा केन्द्रीय समितिले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा शनिबार आयोजना गरेको 'थारू भाषा, संस्कृतिसम्बन्धी अन्तर्क्रिया कार्यक्रम' मा मन्त्री चौधरीले थारू कला, संस्कृति र भाषाको संरक्षण आवश्यक भएकाले मानक भाषा बनाउनुपर्नेमा जोड दिनुभयो ।

कुनै पनि भाषा, कला र संस्कृतिको रक्षा गर्न सबैभन्दा पहिले सोही समुदायको दायित्व बढी हुने भन्दै उहाँले समुदाय, समाज, राज्य र बनेका नीति नियमले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । थारू जाति भाषा, संस्कृति, संस्कारले सम्पन्न तराईको आदिवासी भएको भन्दै मन्त्री चौधरीले ती कुराको संरक्षण गर्नु सबैको दायित्व रहेकोमा जोड दिनुभयो । ठाउँअनुसार केही-केही शब्द फरक रहने गरेको भन्दै उहाँले भाषाको संरक्षणका निम्ति ती कुरामा एकरूपता ल्याउन मानक भाषा बनाउन अत्यावश्यक रहेको बताउनुभयो ।

"भाषा नै नरहे त्यो जातिको अन्य कला, संस्कृति पनि विस्तारै हराउँदै जान्छन् । त्यसैले हामीले भाषाको संरक्षणलाई प्राथमिकता दिनुपर्छ । थारू भाषाको लिपिका विषयमा पनि एउटा निष्कर्ष निकाल्न आवश्यक छ", मन्त्री चौधरीले भन्नुभयो, "भाषा संरक्षण गर्न सबैको भूमिका उत्तिकै हुनुपर्छ । ठाउँअनुसार भाषामा केही भिन्नता छन् । तसर्थ मानक भाषाका रूपमा एकरूपता ल्याउन आवश्यक छ ।"सोझो जातिका रूपमा चिनिने थारूलाई विगतमा सोझोपनको फाइदा उठाएर जमिनदारबाट सुकुम्बासी बनाएको उदाहरण दिँदै मन्त्री चौधरीले सोझो जातिका रूपमा चिनिने थारूलाई आर्थिक गतिविधिमा सक्रिय बनाउन रोजगारीका अवसर, स्वरोजगारमूलक सीप तथा तालिमलगायतको व्यवस्था गरिनुपर्ने बताउनुभयो । "हामी अब आर्थिक गतिविधिमा बढीभन्दा बढी सहभागी हुनुपर्छ । आर्थिक गतिविधि वृद्धि नहुँदासम्म गरिबी न्यूनीकरण सम्भव छैन", उहाँले भन्नुभयो, "हामी सक्षम हुन सीप र रोजगारीका अवसर सिर्जना हुनु आवश्यक छ । यसले आर्थिकस्तर वृद्धि गर्नुका साथै अन्य समुदायसँग समन्वय गर्न/गराउन सहज हुन्छ ।"





जन्मदेखि मृत्युपछिसम्मको संस्कारको संरक्षण गर्न सबैले विशेष ध्यान दिन आवश्यक रहेको भन्दै मन्त्री चौधरीले विभिन्न बहानामा थारू जाति एकआपसमा फुट्न नहुने बताउनुभयो । "हिजो रानाथारू छुट्टिन खोज्दा हामीले छलफल गरेर नछुट्टिन आग्रह गरे पनि उहाँहरू छुट्टिएर जानुभयो । अहिले खवास थारूले निवेदन दिएको कुरा आएको छ", उहाँले भन्नुभयो, "यसरी थारू जातिको जनसंख्या न्यून हुँदै जान्छ । जनसंख्या कम हुनु भनेको समग्रतामा शक्ति कम हुनु हो ।"रासस



आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/३/२१ गते शुक्रबार ५ तारिखका दिन
२×२ लकजरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुरक्षा चुनौती बढ्यो

मधेश प्रदेशको औद्योगिक जिल्ला बाराको कलैया उपमहानगरपालिकामा अवस्थित राजाराम मोहनबिक्रम शाह बहुमुखी क्याम्पसका प्रिन्सिपल हरिभूषण कुशवाहाको गोली हानी हत्या गरिएको छ ।उनी आदर्श कोतवाल नगरपालिकाको वडा नम्बर २ स्थित पुर्ख्यौली घरबाट साँझ करिब साढे ५ बजे जिल्ला सदरमुकाम कलैया फर्किदै थिए ।घरबाट निस्केर वडा नम्बर ३ बतराको लहंगासन माई मन्दिर नजिकै उनलाई २ वटा मोटरसाइकलमा सवार ४ जनाले घेराहाली दाहिने कोखामा एक राउण्ड गोली प्रहार गरेका थिए ।वीरगञ्जस्थित वयोद्धा अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको थियो ।प्रिन्सिपल कुशवाहाको हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले २ जनालाई पक्राउ गरेको हो ।घटनाको कारण खुल्न नसकेको बताइएपनि हत्या गरिन अपनाइएको प्रकृयाले हत्याराहरुले उनलाई पछ्याइरहेको देखिन्छ ।कलैयाबाट उनी बिहान पैतृक घर आदर्श कोतवालको खजुरिया गएका थिए ।साँझ करिब साढे ५ बजे उनी त्यहाँबाट मोटरसाइकल चढेर कलैया फर्किरहेका थिए ।घटना भएको समय दिउँसो थियो ।साँझ समेत नपरेकाले घाम र उज्यालो प्रयाप्त थियो ।सडकमा र छेउछाउमा समेत मानिसहरु थिए ।त्यस्तो अवस्थामा दुईवटा मोटरसाइकलमा सवार चार जनाले घेरा हालेर कुशवाहामाथि गोली प्रहार गरेका थिए ।कुशवाहामाथि गोली प्रहार गरेर हत्या गरिएपछि बारा जिल्लामा सुरक्षा चुनौती बढेको छ ।यस अघि गत कात्तिक १३ गते कलैया बजारमै एउटा निजी विद्यालयका प्रिन्सिपललाई गोली हानी हत्या गरिएको थियो ।त्यसबीचमा हत्याका अन्य घटनाहरु पनि भए ।सुरक्षा निकायले घटनामा संलग्नहरुलाई पक्राउगरि कानुनको दायरामा ल्याउने कामपनि गरे ।पछिल्लो घटनामा संलग्न दोषीहरुलाईपनि कानुनको दायरामा ल्याउन प्रहरी प्रशासन सकृय भएको छ ।हत्यामा संलग्न मानिसहरु प्रहरीको नियन्त्रणमा आउने छन् ।तर नागरिकको जनधन सुरक्षित रहेको प्रत्याभूती प्रहरीले दिनुपर्छ ।मधेशको जिल्लाहरु भारतीय सीमासित जोडिएकाले अपराध गरेर भारत तर्फ लुक्ने र भारतमा अपराधगरि नेपाली भूमीमा लुक्ने नयाँ विषय होइन् ।दुवै देशका प्रहरीले आपसमा समन्वयगरि त्यस्ता अपराधीहरुलाई पक्राउपनि गर्दै आएका छन् ।तर आमनागरिकले आफूलाई सुरक्षित महसुस कसरी गर्ने ?अपराधीहरुले दिनमै मुख्य सडक, बजारमा गोली हानेर हत्या गर्न थालेपछि सर्वसधारण त्रसित हुनु अस्वभाविक होइन् ।बारा जिल्लाको घटनाले अपराधीहरुमा डर नरहेको देखिन्छ ।कानुन र प्रहरीबाट अपराधीहरु नडराए सम्म अपराध नियन्त्रण हुँदैन् ।प्रहरी प्रशासनले सुरक्षा व्यवस्थालाई विश्वसनिय बनाउन र अपराधीलाई कानुनको दायरामा ल्याउन गंभीर रुपमा लाग्न आवश्यक छ ।

# भारतीय प्रधानमन्त्रीहरुका लेखाजोखा



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

भारतको पचहत्तर बर्षको इतिहासमा प्रधानमन्त्री पदमा आसिन नरेन्द्र मोदी चौंधो व्यक्ति हुन् । तर, अहिलेसम्म कुन व्यक्ति कतिपटक प्रधानमन्त्री बनेको र उनको कार्यकाल कस्तो रह्यो भन्ने सन्दर्भमा संक्षिप्त रुपमा उल्लेख खोजेको छुँ। स्वतन्त्र भारतको पचहत्तर बर्षको अवधिमा सवैभन्दा बढी समय भारतीय राष्ट्रियले शासन गरेको छ । सो पार्टीबाट जवाहरलाल नेहरु, लालबहादुर शास्त्री, श्रीमती इन्दिरा गान्धी, राजीव गान्धी, पीवि नरसिम्हा राव र मनमोहन सिँह गरी ५५ बर्ष शासन सञ्चालन गरेको हो । भारतीय जनतापार्टीको अटलविहारी वाजपेयी ६ बर्ष करिव दुई महिना र नरेन्द्र मोदी दस बर्ष पुरा गरी अहिले तेस्रोपटक प्रधानमन्त्रीको रुपमा निरन्तरता दिरुहेका छन् । काँग्रेस र भाजपाबाहेक मोरारजी देसाई, चौंधरी चरणसिँह,विश्वनाथ सिँह, चन्द्रशेखर, एच डि देवगोडा र आइके गुजरालले सो पदमा सुशोभित भएका हुन् । उनीहरुले ६ समग्रमा ६ बर्ष शासन चलाएका हुन् ।

भारत स्वतन्त्र भएपछि पहिलोपटक मनोनित र तीनपटक निर्वाचितसमेत गरी चारपटक पण्डित जवाहरलाल नेहरु र उनकी छोरी इन्दिरा गान्धी पनि चारपटक प्रधानमनत्री भइन, अटलविहारी बाजपेयी र नरेन्द्र मोदी प्रधानमन्त्री तीन तीनपटक बनेका छन् भने राजीव गान्धी र मनमोहन सिँह दुई दुईपटक सो पदका शपथ लिएका हुन् । लगातार तेस्रोपटक लोकसभाको निर्वाचनपछि प्रधानमन्त्री बन्ने शौंभाग्य नेहरुपछि मोदीले पाएका हुन् । द्वितीय विश्वयुद्ध १९४५मा सम्पन्नपछि अङ्ग्रेज भारत छोड्ने मनस्थितिमा पुग्यो । त्यसको मुख्य कारण के थियो भने विश्वयुद्धको कारण वेलायतको आर्थिक अवस्था जर्जर भइसकेको थियो । उनको उपनिवेशको विरुद्ध विभिन्न मुलुकमा आवाज उठ्न थालेको थियो । भारतका क्रान्तिकारीहरु हिंसात्मक बाटो अपनाइसकेका थिए । अन्ततः वेलायती शासकले भारतीय राष्ट्रिय काँग्रेसलाई सत्ता सुम्पिने सोचाईमा पुग्यो । सोही सन्दर्भमा १९४६मा काँग्रेसको १५वटै प्रदेशहरुको वैठक बस्यो । पार्टीको अध्यक्ष हुने व्यक्ति प्रधानमन्त्री बन्ने लगभग निश्चित थियो । काँग्रेसको अध्यक्ष छनोटका लागि मतदान भयो । सरदार बल्लभभाइ पटेल १२, जेवि कृपलानीले २ र सीतारमैयाले एक मत पाएका थिए भने नेहरुले एक मत पनि पाएको थिएन् । पार्टी अध्यक्षनै स्वतन्त्र भारतको प्रधानमन्त्री हुने निश्चित भएकाले पटेल अध्यक्ष हुनासाथ पहिलो प्रधानमन्त्री बन्ने थियो । महात्मा गान्धीले हस्तक्षेप गरी नेहरुको पक्षमा सर्वसम्मत निर्णय गराउन सवैलाई सहमत गराए । त्यसपछि, नेहरुको प्रधानमन्त्री बन्ने बाटो खुल्यो । महात्मा गान्धीले नेहरुको अग्रेजी भाषामा राम्रो पकड भएकाले विदेशीहरुसँग सम्पर्क बनाउनमा सजिलो हुन्छ भनेर तर्क प्रस्तुत गर्दै उनले बयलगाडाको दुई पाङ्गामध्यै एक नेहरु र अर्को पटेल हुन् । पटेलले गृहमन्त्री लागि उपयुक्त व्यक्ति हुन ।

बेलायतको उपनिवेशबाट भारत मुक्त भएपछि १५ अगस्त सन् १९४७ मा ५७ बर्षीय पण्डित जवाहरलाल नेहरु प्रधानमन्त्री पदको शपथ लिएका थिए । स्वतन्त्र भारतको पहिलो प्रधानमन्त्री बनेपछि लगातार तीनपटक उनी निर्वाचित भएर बनेका थिए। उनी लगातार १७ बर्षसम्म प्रधानमन्त्री पदमा आसिन रह्यो । उनले शान्ति र अहिंसाको मार्गलाई आत्मसात गर्दै भारतको विकासमा सक्रिय भूमिका निर्वाह गर्नमा तल्लीन भए । भारत र चीनबीच सीमाना विवाद बढ्दै गएको थियो । भारत र तिब्बतबीच सन् १९१४मा सीमा सम्बन्धी सम्झौंता भएको थियो । वेलायतको ह्यानरी म्याकम होनले सीमाको रेखाङ्कन गरेको थियो । सो सीमारेखा म्याकमहोन नामले चिनिन्छ । तिब्बतमाथि चीनको आधिपत्यपछि निर्धारण गरिएका सो सीमानालाई चीनले अस्वीकार गर्‍यो । सन् १९६२ मा भारत- चीनबीच युद्ध हुँदा भारतको पराजय भयो । अरुणाचल प्रदेश र लद्दाखको धेरै ठूलो भुभागमाथि चीनले कब्जा गर्‍यो । चीनसँग पराजयपछि प्रधानमन्त्री नेहरुको स्वास्थ्यमा गम्भीर असर देखिन थाल्यो, पदमैं हुँदा उनको २७ मई १९६४मा निःधन भयो । त्यसपछि, गृहमन्त्री रहेका ५९ बर्षीय लालबहादुर शास्त्री प्रधानमन्त्री नियुक्त भएका थिए । उनी अत्यन्त इमान्दार र शालीन व्यक्ति थिए । भारतको चीनसँग युद्धपछि आर्थिक क्षेत्र तहसनहस भइसकेको सम्झेर १९६५मा पाकिस्तानले भारतको विभिन्न शहरमा हवाइ आक्रमण गर्‍यो । राजस्थान, पञ्जाव र काश्मिरतर्फ सैन्य कारवाही पनि थाल्यो । प्रधानमन्त्री शास्त्रीले 'जय जवान जय किसान'को नारा दिँदै भारतीय जनतालाई एक छाक खाना नखाई राष्ट्रलाई सहयोग गर्नु भनेर आह्वान पनि गरेको थियो । त्यो युद्धमा भारतले आफ्नो बर्चस्व कायम गर्‍यो । त्यसपछि, दुवै देशबीच युद्धविरामलाई पूर्णता दिनका लागि रुसको मध्यस्थामा पाकिस्तान र भारतबीच रुसको ताशकन्दमा वैठक बस्यो । सो वैठकमा पाकिस्तानबाट सैनिक जनरल अयूब खाँ र भारतबाट शास्त्रीबीच शान्ति सम्झौंता भयो । शास्त्री खाना खाएर सुतेपछि उनी विहान मृत अवस्थामा फेला परेको थियो । उनको शवको 'न रुसमा न भारत'मा परीक्षण भयो । उनको अनुहार र शरीर कालो भइसकेको थियो । अहिलेपनि उनको मृत्युको रहस्य सुल्झेको छैन् । शास्त्रीको सरकारमा सूचना तथा प्रशारणमन्त्री रहेकी ४८ बर्षीया इन्दिरा गान्धी प्रधानमन्त्री भईन् । उनी १९६६देखि १९७१ सम्म ११ बर्ष र १९८०देखि ३१ अक्टुबर १९८४ सम्म प्रधानमन्त्री पदमा आसिन रह्यो । उनले १५ बर्षसम्म सरकारको नेतृत्व गरिन । उनको समयमा १९७१मा पाकिस्तानसँग युद्ध भएको थियो । पाकिस्तानका ९३ हजार सैनिकलाई भारतीय सैनिकले आत्मसमर्पन गराएका थिए । उहिलेका पूर्वी पाकिस्तान स्वतन्त्र बङ्गलादेश राष्ट्रको रुपमा परिणत भयो । सन् १९७५मा सिक्किममा जनमत सङ्ग्रह गराई भारतमा विलय गराएको थियो । सोही समयमा भारतले पोखरनमा पहिलो परमाणु परीक्षण गरेको थियो । १९७५मा उनले आपातकालको घोषणा गर्‍यो । हजारौं नेतालाई जेलमा राख्यो । आपातकालमा रेलमा विनाटिकट यात्रा गर्नेहरुलाई समातेर परिवार नियोजन गराइ दिन्थ्यो । १९७७मा आपातकाल हटाएपछि लोकसभाको निर्वाचन भयो । काँग्रेसविरुद्ध विपक्षीहरु एकजुट भएर जनता पार्टी गठन गरेको थियो । उत्तरप्रदेशको रायबरेलीबाट संसदीय निर्वाचनमा श्रीमती गान्धीको हार भयो । उनलाई राजनारायणले हराएका थिए । श्रीमती गान्धी हारेपछि आँल इन्डिया रेडियोबाट चुनावी परिणामसँगै 'चुनरी सम्हाल गौंरी उडि उडि जाय रे' र बरेलीके बजारमे झुमका गिरा रे' भन्ने हिन्दी फिल्मी गीत लगातार बज्दै रह्यो ।

सन् १९४७ देखि भारतीय राष्ट्रिय काँग्रेसको सत्ताको निरन्तरता १९७७ मा विराम लाग्यो । त्यसपछि, ८१ बर्षीय मोरारजी देसाई प्रधानमन्त्री पदमा नियुक्त भएका थिए । बामपन्थी, समाजवादी र दक्षिणपन्थीलगायत विभिन्न विचारधाराका दललाई समेटेर बनेको जनता पार्टीभित्र केही महिनापछि अन्तरकलह शुरु भयो । अढाई बर्ष सत्तामा बसेपछि आजित भएर देसाईले पदबाट राजीनामा गरे । त्यसपछि, प्रधानमन्त्री बन्नका लागि जगजीवन राम र चौधरीचरण सिँहबीच होडवाजी शुरु भयो । चौंधरीलाई इन्दिराले समर्थन दिएर प्रधानमन्त्री बनाए। तर, चौंधरीले प्रधानमन्त्रीको शपथ लिएपछि श्रीमती गान्धीलाई तपाईसँग भेट्न आउँदै छुँ भनेर खवर पठाएको थियो । उनी गान्धीको निवासको बाटो हुँदै प्रधानमन्त्री निवास पुग्यो । तर, गान्धीसँग भेट गरेन् । त्यसपछि, आक्रोसित हुँदै इन्दिराले एक महिना नवित्दै आफ्नो समर्थन फिर्ता लियो । त्यसपछि, उनले राजीनामा गर्‍यो । राष्ट्रपति संसद् विघटन गरी आम निर्वाचनको घोषणा गर्‍यो । प्रधानमन्त्री बनेपछि एकपटक पनि संसदमा सहभागी हुन नसकेका पहिलो प्रधानमन्त्रीको रुपमा चरणसिँह सूचीकृत भए । चरण सिँह मात्र पाँच महिना सो पदमा आसिन रहयो । त्यसपछि, पुनः काँग्रेसले बहुमत प्राप्त गर्‍यो । श्रीमती गान्धी चौंथोपटक प्रधानमन्त्री भइन् ।

भारतको पञ्जाव राज्यमा खालिस्तान राष्ट्रको माग राखेर सिखका एक समूहले सशस्त्र सङ्घर्ष थालेको थियो । चरमपन्थी समूहका नेता सन्त भिंडरवाला अमृतसरस्थित स्वर्ण मन्दिरमा एक किसिमले कब्जा गरेर बसेका थिए । भारतीय सेनाले 'आँपरेशन ब्लु स्टार' नाम दिएर स्वर्ण मन्दिरभित्र हतियारसहित प्रवेश गर्‍यो । थुप्रै भारतीय सेना मारिए, दुवैतर्फ गोली चल्दै रह्यो । अन्ततः भिन्डरवालासहित सवै चरमपन्थीहरु मारिए । त्यसपछि, भारतको विभिन्न ठाउँहरुमा सिखहरु आफ्नो धर्मस्थलमा सेना प्रवेश गरेको भनेर आन्दोलित भएका थिए । केही ठाउँबाट सिख रेजिमेन्टका सेनाले हतियारसहित विद्रोह पनि गरेको थियो । त्यसलाई तत्कालनै नियन्त्रणमा लिन भारतीय सेना सफल भएको थियो । ३१ अक्टुबर १९८४को दिन विहान प्रधानमन्त्री इन्दिरा गान्धी आफ्नी आवासबाट मन्त्रालय जान लाग्दा परिसरभित्रै सुरक्षामा खटिएका सतवंत सिँह र वेअन्त सिँहले उनीमाथि अन्धाधुन्ध गोली प्रहार गरी हत्या गरेका थिए । सो घटनाको विरोधमा दिल्लीमा सिखहरुको हत्या र आगजनीले विकराल रुप धारण गरेको थियो। भनिन्छ, तीन हजार सिखको हत्या भएको थियो ।

गान्धीको हत्यापछि काँग्रेसको महासचिव एवम् साँसद ४० बर्षीय राजीव गान्धीले प्रधानमन्त्री पदको शपथ लिएको थियो । श्रीमती गान्धीकी जेठो छोरा राजीव भारतको सवैभन्दा कम उमेरको प्रधानमन्त्री बन्यो । केही महिनापछि सम्पन्न लोकसभाको निर्वाचनमा काँग्रेस पार्टीले ४११ सिट जितेर इतिहासनै रच्यो । गान्धीको मन्त्रिमण्डलमा विश्वनाथ सिँह अर्थमन्त्री पछि रक्षा मन्त्री बनेका थिए । सो बेला उनलाई बोफोर्स तोपको खरिदमा अरबौं रुपैयाँको घोटालाको थाहा भयो । उनले सो कुरा चर्चामा ल्याएपछि उनलाई राजीवले मन्त्री पदबाट हटाइएका थिए । भारतमा विपक्षीहरु बोफोर्स तोपमा घोटाला भएको भनेर खैलाबेला मच्चाए । मिस्टर क्लिन नामले चर्चित राजीवको छविमाथि कालो दागको रुपमा बोफोर्स काण्ड देखिन थाल्यो । चारसय भन्दा बढी सिट जितेका काँग्रेसले १९८९मा सम्पन्न लोकसभाको निर्वाचनमा बहुमत पाउन सकेन् । १९५ सिटमा सीमित भयो । सवैभन्दा ठूलो पार्टी बनेपनि राजीवले सरकार नबनाउने घोषणा गरेपछि विपक्षीहरुको राष्ट्रिय मोर्चाले विश्वनाथ सिँहलाई प्रधानमन्त्री बनाए ।

अधिकांस दलहरु मिलेर राष्ट्रिय मोर्चा गठन गरी चुनावमा सहभागी भएका थिए । सिँहलाई भारतीय जनता पार्टी र वाम मोर्चाले बाहिर बसेर समर्थन गरेको थियो । विपी सिँह शुरुदेखि नै विवादमा फस्दै गयो । अयोध्यामा रामजन्म भूमिको विषयमा हिन्दुलाई जागुत गर्न लालकृष्ण आडवानीको अगुवाईमा भाजपाले भारत भ्रमण शुरु गरेको थियो । विहारका मुख्यमन्त्री लालु यादवको निर्देशनमा विहारमा आडवानीलाई पक्राउ गरेपछि सिँहलाई भाजपाले दिएको समर्थन फिर्ता लिए । त्यसपछि, जनता दलको विभाजन भयो । चन्द्रशेखरले ६४ साँसद लिएर समाजवादी जनता पार्टी गठन गरे । काँग्रेसको समर्थन लिएर चन्द्रशेखर प्रधानमन्त्री बन्यो । संसदमा एउटा प्रस्ताव पारित गराउन काँग्रेसले सहयोग नगरेको देखेपछि उनले अप्रत्यासित रुपमा राजीनामा गर्‍यो । त्यसपछि, भारतमा मध्यावधि निर्वाचनको घोषणा भयो । २१ मई १९९१मा दक्षिण भारतको तमिलनाडुको पेरुमबुदुरमा आत्मघाती बम बोकेकी एक महिलाले राजीवको खुट्टा ढोग्दै गर्दा उनले पेटमुनी लुकाइएका सो बम विष्फोट हुनासाथ उनको हत्या भयो । वरपर रहेका एक दर्जनभन्दा बढी व्यक्तिको पनि मृत्यु भएको थियो । श्रीलङ्काको लिबरेशन टाइगर्स आँफ तमिल इलमले उक्त घटना गराएको थियो । त्यसपछि, सम्पन्न निर्वाचनमा काँग्रेस पार्टी बहुमतको नजिक पुग्यो र पीवी नरसिम्हा राव प्रधानमन्त्री बन्यो । उनले भारतको अर्थतन्त्रलाई मजवुति प्रदान गराएको थियो । उनको कार्यकालमा अयोध्यामा रहेका बाबरी मस्जिदलाई कारसेवकहरुले भत्काएका थिए । त्यसपछि, भारतमा धार्मिक दङ्गा फैलिएको थियो । भनिन्छ, दुई हजार व्यक्तिको मृत्यु भएको थियो ।

१९९६को चुनावपछि भाजपा ठूलो दल बन्यो र अटलविहारी वाजपेयी प्रधानमन्त्रीमा नियुक्त भएका थिए । बहुमत नहुँदा १३ औं दिनमा उनले त्यागपत्र दिएपछि कर्णाटकको मुख्यमन्त्री एचडि देवगोडालाई प्रधानमन्त्री बनाइए । उनले १४ महिनापछि राजीनामा गरे । त्यसपछि, करिव एक बर्ष आइके गुजराल प्रधानमन्त्री पदमा रहयो । १९९८मा दोश्रोपटक अटलविहारी वाजपेयी प्रधानमन्त्री बन्यो । मई १९९९मा अखिल भारतीय अन्ना द्रविड मुनेत्र कडगमले एनडिए छोड्यो । बाजपेयीको सरकार अल्पमतमा परको भनेर विपक्षीहरुले अविश्वास दर्ता भयो । उनले संसद्‌मा एकमत कम हुँदा विश्वासमत पाउन नसकेपछि उनले राजीनामा गरेका थिए । उनी कामचलाउ सरकारको प्रधानमन्त्री भए । सोही अवधिमा पाकिस्तानको सेनाले भारतको कारगिल पहाडमा आधिपत्य कायम गरे । त्यसपछि, भारत र पाकिस्तानबीच सो क्षेत्रमा युद्ध भयो । पाकिस्तानी सेनाबाट सो भूमि भारतले मुक्त गराउन सफल भयो । त्यसपछि, सम्पन्न निर्वाचनमा भाजपासहितको एनडिएले २९९ सिटमा जित हात पार्‍यो । अटलविहारी बाजपेयी तेस्रोपटक प्रधानमन्त्री बने । उनले पाँच बर्षको कार्यकाल पुरा गर्‍यो । २००४को निर्वाचनमा काँग्रेस पुनः ठूलो पार्टी बन्यो । काँग्रेसको नेतृत्वको संयुक्त प्रगतिशील गठबन्धन (युपिए)बाट मनमोहन सिँह प्रधानमन्त्री बन्यो । २००९मा पनि उनी पूनः प्रधानमन्त्री बन्ने शौंभाग्य प्राप्त भयो । २०१४को आम चुनावमा काँग्रेसको पराजय भयो । भाजपाले स्पष्ट बहुमत पाएपछि नरेन्द्र मोदी प्रधानमन्त्री बन्यो । त्यसपछि, मोदी तेस्रो कार्यकालको शुभारम्भ गरेको छ । विपक्षीहरु यस कारण खुशी छन कि भाजपालाई बहुमतको अङ्क छुन दिइएन् । तर, तेस्रोपटक मोदीलाई प्रधानमन्त्री बन्नबाट रोक्न नसकेको दुःखेपनि छ । 'इतिश्री'

> मोदी तेस्रो कार्यकालको शुभारम्भ गरेको छ । विपक्षीहरु यस कारण खुशी छन कि भाजपालाई बहुमतको अङ्क छुन दिइएन् । तर, तेस्रोपटक मोदीलाई प्रधानमन्त्री बन्नबाट रोक्न नसकेको दुःखेपनि छ ।

# लाल आयोग प्रतिवेदन र मुख्यसचिवको पत्र

ई.गजेन्द्र थपलिया

नेपाल विद्युत् प्राधिकरण र उद्योगी-व्यवसायीबीच लामो समयदेखि विवादमा रहेको 'डेडिकेटेड' र 'ट्रंक लाइन' सम्बन्धी विवाद समाधान गर्न सरकारले पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा आयोग गठन गरेसँगै यो विवाद समाधान होला भन्ने आशा गरिएको थियो ।

आयोगले प्रतिवेदन पेस गरेपछि अर्बौं राजस्वजस्तो गम्भीर विषयमा उठेका सार्वजनिक प्रश्नबारे सत्यतथ्य उजागर होला र त्यसको सूचना यस क्षेत्रसम्बद्ध सरोकारवाला तथा सर्वसाधारणसम्म पुग्ला भन्ने अपेक्षा विपरीत हालसम्म पनि प्रतिवेदन सार्वजनिक नहुनु तथा प्रतिवेदनमा औंल्याइएका विषयमाथि मनोमानी ढंगले व्याख्या हुनु अत्यन्तै दुःखद विषय हो ।

लाल आयोग प्रतिवेदन कार्यान्वयनमा लैजाने सम्बन्धमा मन्त्रिपरिषद्ले २०८१ वैशाख २७ मा निर्णय गरेको लामो समयसम्म पनि प्रतिवेदन सार्वजनिक नहुनु तथा प्रतिवेदन कार्यान्वयन गर्न मुख्यसचिवबाट एउटै मिति र चलानी नम्बरमा दुई फरक आशयका पत्र ऊर्जा मन्त्रालयमा प्रेषित हुनु र दोस्रो पटक पठाइएको पत्रमा उल्लेख गरिएको भाषा हेर्दा नेपाल सरकार विद्युत् प्राधिकरणको वर्तमान नेतृत्वलाई बचाउन सारा शक्ति र सामर्थ्य प्रयोग गरिरहेको देखिन्छ ।

राजस्वजस्तो गम्भीर विषयमा देखिएका समस्या समाधान गर्न सरकार, विद्युत् प्राधिकरण तथा उद्योगी-व्यवसायीको द्रुत गतिको पहलकदमी नहुँदा कहीँ कतै यसमा केही गडबडी छ कि भन्ने शंकालाई मलजल गरेको छ ।

मिडिया मार्फत हालसम्म प्राप्त प्रतिवेदनको संक्षिप्त बेहोरालाई आधार मान्दा प्राधिकरणले जारी गरेको बिलबिजक अन्यायपूर्ण रहेको सहजै बुझ्न सकिन्छ । २०७२ साउनदेखि २०७७ असारसम्मका लागि प्रिमियम शुल्क लागु गरी जारी गरिएको बिलमध्ये २०७२ माघअघि तथा २०७५ वैशाखपछि प्रिमियम शुल्क लागु गर्नु नपर्ने गरी प्रतिवेदनमा आशय व्यक्त गरिएको तथा २०७२ माघदेखि २०७५ वैशाखसम्म अवधिमा लोडसेडिङ ६ घण्टा वा त्यसभन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा त्यसभन्दा बढी समय निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहकसरह महसुल भुक्तानी गर्नुपर्ने भनी राय व्यक्त भएको सार्वजनिक भएको छ ।

त्यसरी हेर्दा प्राधिकरणले ६० महिनाका लागि प्रिमियम शुल्क सहितको बिलबिजक जारी गरेको भए पनि जम्मा २७ महिनाको मात्र लिन उपयुक्त हुने राय देखिन्छ । त्यसमा पनि उपरोक्त २७ महिना अवधि समयावधिमा कुन उद्योगमा कति समय विद्युत् आपूर्ति भयो, ग्राहकको स्वीकृत विद्युत् क्षमता अनुसार माग बमोजिम विद्युत् आपूर्ति भयो/भएन कुन समयमा भयो, यो सबैको विवरण हेरी जुन दिन खपत भएको छ सोही दिनका लागिमात्र प्रिमियम शुल्क लिनुपर्ने भनि राय व्यक्त भएको विषय हालसम्म सार्वजनिक भएको छ ।

त्यसरी महसुल संकलन गर्दा विद्युत् प्रयोग मापन गर्न सम्बन्धित उद्योगमा जडान गरिने 'टाइफ अफ डे' (टीओडी) मिटर डाटा प्राधिकरणले अनिवार्य उपलब्ध गराउनुपर्ने हुन्छ । टीओडी मिटर डाटा उपलब्ध नगराइ महसुल संकलन गर्न सकिने अवस्था रहँदैन । विद्युत् महसुल संकलन विनियमावली २०७३ तथा २०७७ मा टीओडी मिटर डाटासम्बन्धी यस्तो व्यवस्था छ । टीओडी मिटर जडान भएका ग्राहकका हकमा हरेक वर्ष चैतमा टीओडी मिटर रिडिङ अतिरिक्त अनिवार्य रूपले डाटा डाउनलोड गरी त्यसको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उपकार्यकारी निर्देशकको कार्यालय वितरण तथा ग्राहक सेवामा पठाउनुपर्ने छ ।

प्राधिकरणले टीओडी मिटरको डाटा छैन भनी दायित्वबाट विमुख हुन कानुनी रूपमा पाउँदैन ।

उल्लेखित कार्य गरे/गराएको नपाइए जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइनेछ भन्ने व्यवस्थाबाट नै के स्पष्ट हुन्छ भने धेरै विद्युत् खपत गर्ने ठूला उद्योगसँग सम्बन्धित विद्युत् खपत विवरण यकिन गर्ने तथा महसुल संकलन गर्ने कामको जिम्मेवारी सम्बन्धित वितरण केन्द्र प्रमुखको मात्र नभई प्रादेशिक तथा केन्द्रीय कार्यालयको समेत हुनेछ ।

टीओडी मिटर जडान भएका उद्योगमा महसुल सम्बन्धी कुनै विवाद सिर्जना भए मिटरमा सुरक्षित रहने डाटा डाउनलोडपछि त्यस्ता विवाद समाधान गर्न सकिन्छ । मिटर डाउनलोडपछि मिटरबाट विभिन्न प्राविधिक कारण डाटा हराए पनि वार्षिक डाउनलोड रिपोर्ट सम्बन्धित कार्यालय तथा माथिल्लो निकायमा अनिवार्य हुने व्यवस्था विनियमावली मार्फत नै मिलाइएको छ ।

तसर्थ, प्राधिकरणले टीओडी मिटरको डाटा छैन भनी दायित्वबाट विमुख हुन कानुनी रूपमा पाउँदैन । तर, प्राधिकरण नेतृत्वबाट बेलाबेला सार्वजनिक भएका अभिव्यक्ति तथा विगतमा विभिन्न तहका अदालतमा गरेका पत्राचार आधार मान्दा प्राधिकरणसँग उक्त अवधिमा डेडिकेटेड र ट्रंक लाइन प्रयोग गरेका उद्योगमा जडित टीओडी मिटर डाटा नरहेको भन्ने आशय बुझिन्छ ।

मन्त्रिपरिषद्ले गरेको प्रतिवेदन कार्यान्वयनको अर्थ राजस्व के कसरी संकलन गर्ने विषयमात्र नभई यति ठूलो राजस्व बापत बिलबिजक गलत ढंगले जारी गर्नेमाथि कारबाही तथा तोकिएको मापदण्ड परिधि परीक्षण गरी उठाउन बाँकी राजस्व के कसरी उठाउने भन्ने विषय पनि उक्त प्रतिवेदनमा पक्कै होला ।

प्रचलित कानुनी प्रावधान अनुसार बिलबिजक जारी गरी विद्युत् महसुल संकलन गर्न प्राधिकरण हिजो पनि स्वतन्त्र थियो, आज पनि छ र भोलि पनि रहने नै छ । त्यसमा मन्त्रिपरिषद्ले थप व्याख्या केही गरिराख्न आवश्यक छैन ।

तसर्थ, महसुल संकलन सम्बन्धी प्रचलित नियम कानुन अनुसार गर्ने भनी मुख्यसचिव मार्फत ऊर्जा मन्त्रालयलाई गरिएको पत्राचारले लाल आयोगले २०७२ माघदेखि २०७५ वैशाखसम्म अवधिमा लोडसेडिङ ६ घण्टा वा त्ससभन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा त्यसभन्दा बढी समय निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहक सरह महसुल भुक्तानी गर्नुपर्ने तर त्यसरी भुक्तानी गर्दा समेत प्राधिकरणले सम्बन्धित उद्योगले उक्त अवधिमा कुन दिन कति घण्टा कति लोड के कसरी सञ्चालन गरेको थियो भन्ने प्रमाण अनिवार्य पेस गर्नुपर्ने भनी दिएको सुझाव विपरीत टीओडी मिटरको डाटाविना नै महसुल संकलन गर्न प्राधिकरणलाई सहज हुने गरी भन्ने व्याख्या गरेको देखिन्छ, जुन सरासर त्रुटिपूर्ण छ ।

आजका मितिमा भारतबाट विद्युत् आपूर्ति नहुने हो भने दैनिक १२ देखि १८ घण्टासम्म विद्युत् कटौती हुने तितो यथार्थमा हामी छौ । तर, भारतबाट आयातित विद्युतबाट हटेको लोडसेडिङलाई आफ्नो व्यवस्थापकीय क्षमता भनी प्रचार गरेकाले हालको नेतृत्वबारे सार्वजनिक रूपमा कसैले टिकाटिप्पणी नगरेको हो ।

प्राधिकरणको वर्तमान नेतृत्वबाट अर्बौं राजस्वसँग सम्बन्धित बिलबिजक पद, ओहोदा र सार्वजनिक रूपमा निर्माण भएको छविको बलमा गलत मनशाय राखी जारी गरिएको र उठाउनै नसकिने बिलको समेत सरकारलाई कर तिरी कृत्रिम रूपमा प्राधिकरणलाई नाफा देखाइएको छ ।

संस्थालाई प्रायोजित रूपमा नाफामा लगेको सूचना आफूनिकट मिडिया मार्फत अत्यधिक प्रचारमा लगिएको र त्यसरी निर्माण भएको भ्रामक सार्वजनिक छविका आधारमा ठूला ठेक्का, पीपीए, मालसामान खरिद एवम् आयोजना व्यवस्थापनमा अत्यधिक अनियमितता भएको भन्ने जस्ता विषयका समाचार मिडियामा सार्वजनिक भएका छन् ।

पूर्वी नेपालका औद्योगिक क्षेत्रदेखि नेपालगञ्जसम्मका साना-ठूला उद्योगमा २०८० फागुनदेखि नै सहज विद्युत् आपूर्ति छैन । तालिकाविहीन गराएर प्रत्येक दिन औद्योगिक ग्राहकोमा १२ देखि १६ घण्टासम्म विद्युत् आपूर्ति छैन । त्यसबाहेक लोड व्यवस्थापनका नाममा तराईका अधिकांश सहर तथा गाउँमा विद्युत् कटौती हुँदै आएको छ ।

आजका मितिमा भारतबाट विद्युत् आपूर्ति नहुने हो भने दैनिक १२ देखि १८ घण्टासम्म विद्युत् कटौती हुने तितो यथार्थमा हामी छौ । तर, भारतबाट आयातित विद्युतबाट हटेको लोडसेडिङलाई आफ्नो व्यवस्थापकीय क्षमता भनी प्रचार गरेकाले हालको नेतृत्वबारे सार्वजनिक रूपमा कसैले टिकाटिप्पणी नगरेको हो ।

संसदको सार्वजनिक लेखा समितिले २०७६ सालमा अध्ययन गरी डेडिकेटेड र ट्रंक लाइनबारे राजस्व सम्बन्धी लापरबाही गरेको देखिएकाले त्यस सम्बन्धमा उक्त अवधिमा रहेका सञ्चालक समिति, प्रबन्ध निर्देशक, विभागीय जिम्मेवारी लिएका पदाधिकारी को-को दोषी छन्, विस्तृत छानबिन गरी दोषीमाथि कारबाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने भन्ने निर्णय गरिसकेको र लाल आयोगको संक्षिप्त प्रतिवेदन सार्वजनिकसँगै राजस्वबारे गलत आशय राखी कार्य गरेको, सार्वजनिक पद धारण गरी प्राधिकरणको वित्तीय अवस्थाबारे भ्रम फैलाएको, देशको औद्योगिक वातारण बिगार्ने गरी उद्योगी-व्यवसायीलाई दुःख दिएको र सुरक्षित राख्नुपर्ने राजस्वसँग सम्बन्धित डाटा सुरक्षित नगरी गम्भीर लापरबाही गरेको देखिएकाले प्राधिकरणको वर्तमान नेतृत्वमाथि छानबिन गर्न सरकार तथा सम्बन्धित निकायको अतिशीघ्र ध्यान जान जरुरी देखिन्छ ।

हाल नेपालको विद्युत् प्रणालीको अवस्था, प्राधिकरणले व्यवस्थापन गरेको ठेक्काको अवस्था, प्राधिकरणको वास्तविक वित्तीय स्वास्थ्य अवस्था, प्राधिकरण आफैंले आफ्नो सामर्थ्यमा सञ्चालन गरेका आयोजनाका प्रगति तथा लोडसेडिङको यथार्थ विवरणको मूल्यांकन गर्दा प्राधिकरण नेतृत्व दीर्घकालीन रूपमा नेपालको विद्युत् प्रणालीको समस्या समाधान भन्दा तत्कालीन प्रचारमा रमाएको र नेपालको विद्युत् प्रणालीको वास्तविक अवस्थाबारे सारा नेपालीलाई भ्रममा राख्न सफल देखिन्छ ।अनलाईन खवर

# मधेश प्रदेशको आ.व. २०८१/०८२ को बजेटको पूर्णपाठ



**माननीय सभामुख महोदय,**

१. यस गरिमामय प्रदेशसभा बैठकमा मधेश प्रदेशसरकारको अर्थमन्त्रीकोहैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, स्वराज आन्दोलन, लगायत विभिन्न पहिचान तथा अधिकार प्राप्तिका आन्दोलनहरुमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र बेपत्ता हुनु भएका वीर योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. मधेश प्रदेश सरकार मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडावर्ग लगायत अन्य सिमान्तकृत समुदायले गरेको गौरवपूर्ण संघर्षलाई उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, आरक्षण, समानुपातिक प्रतिनिधित्व, समानता, मानव अधिकार, सामाजिक न्यायमा आधारित समतामुलक समाज निर्माणको लागि गरेको संघर्षलाई सफल पार्न तथा शहादत प्राप्त वीर शहीदहरुको सपनालाई सकार पार्नेप्रतिवद्धता व्यक्त गर्दछु।

४. विधमान अर्थतन्त्रको चुनौति तथा समृद्ध मधेश प्रदेश निर्माणको आकांक्षालाई पुरा गर्न उर्वर कृषि भुमिको सदुपयोग गर्दै कृषि क्षेत्रमा रहेको पारम्परिक तथा निर्वाहमुखी खेति प्रणालीलाई व्यवसायिकता तर्फ रुपान्तरण गर्दै उद्यमशिलता विकास, लगानी प्रवर्द्धन गरी, रोजगारी सिर्जना गर्नेर उच्च आर्थिक बृद्धि हाँसिल गर्नेतर्फ बजेट परिलक्षित छ।

५. विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन तथा जनताको संघर्ष र बलिदानको फलस्वरुप प्राप्त भएको संघीय शासन प्रणालीमा जनतासामु सरकारको सकारात्मक उपस्थिति नभईरहेको परिस्थितिमा सिमित श्रोत साधनको उपलब्धताका बाबजुद जनताको विकासको आकांक्षा सम्बोधन गर्नसक्ने गरी प्रदेशको आर्थिक सामर्थ्य विकास गर्ने चुनौति हाम्रो सामु रहेको छ।

६. भौगोलिक सुगमता, उर्वर भुमि, पुर्वाधारमा सरल पहुँच लगायतका विभिन्न श्रोत साधनहरुले सम्पन्न यो प्रदेश मानव विकास सुचकांक मापनको खास आधारहरुमा कमजोर रहेको देखिन्छ। साक्षरता दर, रोजगारी लगायतका क्षेत्रहरुमा मुलुकका अन्य क्षेत्रभन्दा पछाडी पर्नु तथा उपलब्ध साधन श्रोतको परिचालन हुन नसक्नुले जनतामा प्रदेश सरकारप्रति नकरात्मक दृष्टिकोण सिर्जना भएकोहुदाँ यो बजेट मधेश प्रदेशको समग्र आर्थिक समाजिक तथा संस्कृतिक रुपान्तरणमा केन्द्रित हुनेछ।

७. प्रदेश सरकारको प्रशासनिक खर्च लगायत अन्य चालु प्रकृतिका खर्चहरुमा कुल बजेटको ठूलो हिस्सा विनियोजन गर्नुपर्ने अवस्था रहेको कारणले विकास निर्माणसँग सम्बन्धित कार्यहरुको श्रोत व्यवस्थापनमा अत्याधिक चाँप बृद्धि भएको छ।

८. आयोजनाको पुर्वतयारी र प्राथमिकिकरणको अभावले गर्दा पुँजिगत प्रकृतिका खर्चहरुको प्रभावकारीता बढ्न सकेको छैन । सिमित श्रोत साधनहरु वितरणमुखि भई त्यस्ता योजनाहरुले जन चाहना अनुरुप प्रतिफल दिन नसकेकोहुँदा स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई प्रभावकारी एवं उपलब्धीमुलक बनाउने चुनौति हाम्रो सामु रहेको छ।

९. प्रदेशको आन्तरिक श्रोतको दायरा विस्तार हुन सकेको छैन तथा बजेटको मुख्य अंश अनुदानमा आधारित भएको र समय समयमा संघिय सरकारद्धारा अनुदानमा कटौतीका कारण श्रोत व्यवस्थापनमा जटिलता बढ्दै गएको छ। आन्तरीक आयको लागि करको दायरा बढाउन चुनौतिपुर्ण रहेको छ।

१०. जनतामा सुशासनको प्रत्याभुति दिलाउनुका साथै सार्वजनिक प्रशासनलाई नतिजामुखी, दक्ष, प्रभावकारी, पारदर्शी, व्यवसायिक बनाई प्रदेश सरकारको उदेश्य प्राप्तिको लागि परिचालन गर्नु चुनौतिपुर्ण रहेको छ।

११. मधेश प्रदेशमा कार्यरत कर्मचारीहरुलाई उत्पेररित भएकर प्रदेशभित्र कार्य गर्ने आवश्यक सहज वातावरण सिर्जना गरिएको छ। सो अन्तर्गत प्रदेश निजामती अस्पतालल, सन्ततीका निम्ती छात्रवृती, कर्मचारी आवास विमा लगायत प्रोत्साहन मुलक कार्यहरुको लागि क्रमशः कानुन बनाई कार्यान्वयन गरिनेछ।

१२. विधमान चुनौतिहरुका बावजुद समयानुकुल अर्थतन्त्रका सुचकहरुमा भएका सुधारहरुले गर्दा कृषि क्षेत्र, पर्यटन क्षेत्र, वित्तिय क्षेत्रमा आकार्षण बढ्नुका साथै अर्थतन्त्र चलायमान भएको अवस्थामा अर्थतन्त्रलाई थप सुदृढ गर्न सार्वजनिक वित्तको पुनसंरचना गरी प्रभावकारी राजश्व परिचालन, परिमाणमुखी पुँजिगत खर्च, अनुत्पादक क्षेत्रमा खर्च कटौती एवं सार्वजनिक खर्चमा मितव्ययिता कायम गरी आगामी आ.व को बजेटले निजी क्षेत्रको मनोबल बृद्धि, उद्यमशिलता विकास तथा प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा मितव्ययितम एवं पार्दशिता कायम गर्ने तर्फ केन्द्रित हुनेछ।

१३. संघियता कार्यान्वयन पश्चात मधेश प्रदेश सरकारले प्रथम आवधिक योजना निर्माण गरी आ.व ०७६/०७७ देखि सुरु भई आ.व ०८०/८१ मा समापनको चरणमा रहेको र उक्त अवधिको सुरुवाती चरणमा मधेश प्रदेशको बहुआयामीक गरिबी दर ४७.९ प्रतिशत रहेकोमा सोमा सुधार भई हाल २४.२ प्रतिशत रहेको छ।

१४. प्रथम आवधिक योजनाको अवधिमा प्रदेश सञ्चित कोषमा विभिन्न विकास साझेदार संस्थाहरुले उपलब्ध गराएको बजेटमध्ये कुल प्राप्त बजेटको २४ प्रतिशत तथा दाताको संयुक्त कोषबाट भएको खर्च प्रगति २९ प्रतिशत मात्र रहेकोछ। यस आ.व को बजेटले सो प्रकृतिका बजेट तथा खर्चलाई प्राथमिकता प्रदान गरी समयमा नै सोधभर्ना हुनेगरी सार्वजनिक खर्च प्रणाली अवलम्बन गरिनेछ।

१५. संघिय सरकारसँग हुने सहकार्य र समन्वय बढाई प्रदेश सरकारले सञ्चालन गर्ने वित्तिय हस्तान्तरणका कृयाकलापहरुलाई मितव्ययी र पारदर्शी बनाउन वित्तीय हस्तान्तरण प्रकृयालाई यसै बजेट मार्फत सम्बोधन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म मधेश प्रदेशको विधमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्दछु।

१६. आर्थिक वर्ष २०८०।८१ मा राज्यको प्रचलित भुक्तानीको कुल गृहास्थ उत्पादन मध्ये मधेश प्रदेशको योगदान रु ७ खर्व ४७ अर्व ३३ करोड ४० लाख रहेको छ, जुन कुल ग्रर्हास्थ उत्पादनको १३.१ प्रतिशत हुन आउछ।

१७. प्रदेशको कुल ग्रर्हास्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५३.९ प्रतिशत रहेको छ तथा कृषि र उधोग क्षेत्रको योगदान क्रमश ३५.३ र १०.८० प्रतिशत रहेको छ।

१८. आर्थिक वर्ष २०८०।८१ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल ग्रहास्थ उत्पादन ८९२ अमेरिकी डलर रहने अनुमान छ।

१९. आ.व. २०७९।८० मा मधेश प्रदेशको आर्थिक वृद्बिदर राष्ट्रिय आर्थिक वृद्बिदरको तुलात्मक औषतको भन्दा माथि रहे पनि चालु आ.व. मा उपभोक्ता मागमा कमी आउनु, कर्जा विस्तार, उत्पादन मूलक श्रोत न्यून क्षमतामा संचालन हुनु लगायतका आर्थिक क्रियाकलपमा विस्तार हुन नसकेको हुदाँ मधेश प्रदेशको आर्थिक वृद्बिदर राष्ट्रिय औषत ३.८७ प्रतिशत भन्दा तल रहेको छ।

२०. आ.व. २०८०।८१ मा मधेश प्रदेश सरकारको कुल खर्च रु ३१ अर्ब ३४ करोड ५४ लाख ३४ हजार अर्थात कुल विनियोजनको ७१.०५ प्रतिशत हुने संशोधित अनुमान छ। कुल सरकारी खर्च मध्ये चालु खर्च रु १५ अर्ब २२ करोड ५१ लाख ७४ हजार र पुँजिगत खर्च रु १६ अर्ब १२ करोड ०२ लाख ५० हजार खर्च हुने संशोधित अनुमान छ।

२१. चालु आ.व २०८०।८१ मा कर राजश्व बाट रु १२ अर्ब ८३ करोड २३ लाख अनुदानबाट रु १३ अर्ब ३३ करोड ४० लाख अन्य राजश्वबाट रु १ अर्ब ३७ करोड ८४ लाख तथा विविध प्राप्ति बाट रु ८ अर्ब १० करोड २१ लाख संकलन हुने अनुमान छ। त्यसैगरी आन्तरीक ऋण बाट रु २ अर्ब संकलन हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

२२. मधेश प्रदेशको समग्र सार्वजनिक वित्त व्यवस्थापन क्षेत्रमा रहेको विधमान अवस्था तथा भविष्यमा गर्नुपर्ने सुधारहरुको सन्दर्भमा संघिय सरकारसँगको समन्वयमा स्वमूल्यांकन प्रणालीमा आधारित गरि सार्वजनिक खर्च वित्तिय जवाफदेहिता मुल्यांकन गरी विनियोजन दक्षता र खर्च कुशलताको स्थितिको जानकारी लिई सो अनुसार क्षमताको विकास गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै आयोजना कार्यान्वयनको पक्षलाई सुधार गरि आर्थिक वर्षको सुरुवाती चरणबाट नै आयोजना कार्यान्वयनहुने वातावरण निर्माण गरिने छ।

**माननीय सभामुख महोदय,**

अब म बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुखनीतिहरुको बारेमा चर्चा गर्न गईरहेको छु।

२३. कृषि क्षेत्रलाई प्रदेशको सफलताको रुपमा लिई थप प्रोत्साहन हुनेगरी बजेट तथा कार्यक्रम समावेश गर्न प्रथमिकता दिएको छ।

२४. संविधानले निर्दिष्ट गरे अनुसार प्रदेशको आन्तरिक स्रोत परिचालन गर्न राजस्व संकलनको दायरा प्रभावकारी गराउने विषय प्राथमिकतामा रहेको छ।

२५. कार्यान्वयन योग्य आयोजना छनौट गर्ने अभ्यासमा रहेको कमजोरीलाई सम्बोधन गर्न समयमा नै कार्यान्वयन प्रकृया अघि बढाउने गरी बजेटलाई प्राथमिकिकरण गरिएको छ।

२६. मधेश प्रदेशले अर्थतन्त्रमा उच्च योगदान दिन सक्ने देखिएका कृषि, उद्योग र सेवा क्षेत्रहरुमा सार्वजनिक लगानी बढाउने र निजी लगानीलाई प्रोत्साहन गरी अर्थतन्त्रको आधार मजबुत बनाउने किसिमले विषय क्षेत्रगत नीति तथा कार्यक्रममा सुधार गर्दै लैजानेगरी कार्यक्रम प्रस्तुत गरिएको छ।

२७. संघीय स्वरुप अनुसार तीन तहका सरकारको संरचनागत व्यवस्था अनुसार सहकारितामा आधारित कार्यान्वयन प्रणालीमा योगदान गर्ने किसिमका उदार नीति अवलम्बन गरी प्रदेशले स्थानीय तहसँगको सहकार्य र समन्वय सवल गराउने गरी कार्य गर्न प्राथमिकता दिईएको छ।

२८. सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य अनुसारको प्रदेशका तर्फवाट गर्नुपर्ने योगदान, प्रदेश सरकारको नीति तथा कार्यक्रम र निर्वाचनका समयमा राजनितिक दलहरुले गरेका प्रतिबद्धता समेतका आधारमायो बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

२९. राष्ट्रिय अर्थतन्त्रको दरिलो आधार मधेश प्रदेश भन्ने भावका साथ कृषि क्षेत्र एवं उद्योगहरुमा लगानी केन्द्रित गरी उत्पादन र उत्पादकत्व बढाउने, उत्पादन मूलक उद्योग र सेवा क्षेत्रको विस्तार गर्ने, साँस्कृतिक एवं पर्यापर्यटनको माध्यमबाट मधेशलाई खास गन्तव्यको रुपमा विकास गर्दै लैजाने, पूर्वाधार क्षेत्रको विकास मार्फत अन्य आर्थिक गतिविधि बढाउने विषय प्राथमिकतामा रहेको छ।

३०. सामाजिक न्याय र समविकास संघीयताको सबलीकरण, सन्तुलित विकास यस बजेटको प्राथमिकता हो।

३१. जवाफदेही बजेट प्रणाली र आर्थिक सुशासनका लागि बजेट क्रियाकलाप निर्धारण गर्दा नै कार्यान्वयन गर्ने निकाय र काम यकीन गराइएको छ। स्वीकृत मापदण्ड र कार्यविधि अनुसार काम गर्नुपर्ने परियोजना बाहेक अन्यमा एकमुष्ट रुपमा खर्च राखी पछि बाँडफाँट गर्ने गरी रकम विनियोजन गर्ने अभ्यासलाई निरुत्साहित गरिएको छ।

**माननीय सभामुख महोदय**

अब म आगामी आर्थिक वर्ष द्दण्डज्ञ/डद्द को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु।

**कृषि तथा कृषि पूर्वाधार रुपान्तरण र सहभागिता**

३२. "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने अभियान सञ्चालन गरी किसानहरुलाई प्राङगारिक खेति तर्फ आकर्षित गर्न माटो स्वास्थ्य सुधार र प्राङ्गारिक मल उत्पादन तथा वितरण कार्यक्रममा रकम विनियोजन गरेको छु।

३३. कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजनाको रुपमा विकास गर्दै कृषि विद्युतीकरणलाई विस्तार, निःशुल्क कृषि मिटर, सिचाँई प्रयोजनका हरेक निर्वाचन क्षेत्रका कृषि विद्युतीकरण कार्यक्रममा रकम विनियोजन गरेको छु।

३४. कृषि प्रसार सेवाको पहुँच बढाउन किसानको वारी स्वयंसेवकको छहारीको सोचलाई सार्थक तुल्याउन प्रदेशभर ५०० महिला कृषि स्वयमसेविका परिचालन गर्न रकम विनियोजन गरेको छु।

३५. मधेश प्रदेशका किसानहरुको लागि किसान कार्ड तथा पेन्सन योजना सुरुवात गर्न आवश्यक बजेट विनियोजन गरको छु।

३६. धान, गहुँ, तेलहन, दलहनवालीको बीउमा मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन बिज बृद्धि कार्यक्रम परियोजनाको रुपमा संचालन गर्न विउ विजन आत्मनिर्भर कार्यक्रममा रकम विनियोजन गरेको छु।

३७. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकीकरण, बजारीकरण र यान्त्रिकीकरणमा रुपानान्तरण गरी किसानहरुको सहज बजार पहुँचको लागि कृषि सडक निर्माणको लागि रकम विनियोजन गरेको छु।

३८. कृषि, पशुपन्छी र मत्स्यक्षेत्रहरुको प्रवर्द्धनका लागि एक पालिका एक कृषि उत्कृष्टता केन्द्र(Excellency center)को स्थापनाका लागि रु रकम विनियोजन गरेको छु।

३९. पशुहरुमा लाग्ने खोरेत रोगको कारणवाट वर्षेनी पशुधनमा क्षति पुग्ने गरेको तथा दूध मासुको गुणस्तरमा समेत प्रत्यक्ष असर पुर्याएको हुनाले निश्चित स्थानलाई Zoning र Compartmentalization निर्धारण गरि प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्दै प्रदेशलाई खोरेत रोग मुक्त क्षेत्र कार्यक्रम लागि रकम विनियोजन गरेको छु।

४०. स्थानीय तहसँग समन्वय गरी मधेश प्रदेशका १३६ वटै स्थानिय तहमा पशु नश्ल केन्द्र स्थापना तथा संचालनका लागि रु. ५ करोड २८ लाख रकम विनियोजन गरेको छु।

४१. पशुपन्छीमा आहाराको भूमिका महत्वपूर्ण हुने यथार्थलाई आत्मासाथ गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्न गुणस्तरीय एवं सन्तुलित आहाराको सहज उपलव्धताको लागि रकम विनियोजन गरेको छु।

४२. हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्याउन स्वरोजगारमूलक विशेष कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु।

४३. माछा पालन तथा मत्स्य बीज व्यवसायलाई दिगो व्यवस्थापन गर्न उत्पादन देखि बजारीकरण सम्म मूल्य श्रृंखलामा आधारित विशेष परियोजना संचालनका लागि रकम विनियोजन गरेको छु।

४४. उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उखु वाली प्रवर्द्धनका लागि रकम विननियोजन गरेको छु।

४५. कृषिमा यन्त्र उपकरण प्रयोग, उत्पादन वृद्धिमा सहयोग पुर्याउन प्रदेशिक कृषि औजार केन्द्र स्थापना तथा एक पालिका एक कृषि लाईब्रेरी का लागि रकम विनियिजन गरेको छु।

४६. मूल्य श्रृंखलामा आधारित फलफूल र तरकारी खेति प्रबर्द्धनका लागि रकम विनियोजन गरेको छु।

४७. कृषि, पशुपन्छी तथा मत्स्यको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र अनुदान कार्यक्रमलाइ व्यवस्थित बनाउन एक पालिका एक एग्रोभेट संचालन गर्ने व्यवस्था मिलाएको छु।

४८. कृषि र पशुपन्छीमा लाग्ने विभिन्न रोग/महामारी/किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४९. सिंचाई क्षेत्र बृद्धि गरि कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न बोरीङ्ग कार्यक्रमको व्यवस्था मिलाएको छु।

५०. सहकारी दर्ता, अनुगमन, निरिक्षण, व्यवस्थापन, नियमन तथा समग्र सहकारी क्षेत्रको विकासको लागि रकम विनियोजन गरेको छु।

५१. प्रदेश बाली बिमा कार्यक्रम, कोल्ड स्टोर सहितको बजार मण्डी स्थापना, कृषि डिजिटलाइजेशन, च्याउ कार्यक्रमको लागि आवश्यक रकम बिनियोजन गरेको छु।

५२. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तर्फ रु २ अर्ब ७९ करोड १९ लाख विनियोजन गरेको छु।

**वन तथा वातावरण**

**माननीय सभामुख महोदय,**

५३. सहभागितामुलक ढंगले वनको द्धिगो व्यवस्थापनको लागि वनमा आधारीत उधोगहरुको स्थापनाको लागि निजि तथा समुदायलाई प्रोत्साहित गर्नुका साथै जैविक विविधता जलाधार तथा सिमसार संरक्षणको लागि बजेट विनियोजन गरेको छु।

५४. वन डढेलो नियन्त्रण गर्नको लागि अग्निरेखा तयारी गरी डढेलो लाग्न नदिन र नियन्त्रणका उपायहरुको बारेमा समुदायस्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५५. बन्यजन्तु ओहर दोहर गर्ने जैविक मार्गको विकास गरी बन्यजन्तु अतिक्रमणबाट हुने मानवीय तथा बालीनाली क्षतिलाई न्युनिकरण गर्न क्षति वापत पिडितलाई उचित सहयोग उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

५६. साझेदारी बन सामुदायिक बन तथा कबुलियत बन क्षेत्रहरुमा तुलनात्मक लाभ हुने उच्च मुल्यका जडिबुटी र बन अनुकुल फलफूलको विरुवा रोपण तथा गैरकाष्ठ बन पैदावरको खेती लगाउन प्रोत्साहित गर्न बजेट विनियोजन गरेको छु।

५७. माथिल्लो तथा तल्लो तटीय क्षेत्र अन्तरसम्बन्धको आधारमा चुरेक्षेत्रको प्रभावकारी संरक्षणको लागि सरोकारवालहरुसँग समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी व्यवस्थित जलाधार समृद्धिको आधार भन्ने मर्मलाई सार्थकता प्रदान गर्न बजेट विनियोजन गरेको छु।

५८. मधेश प्रदेशको आठ वटै जिल्लाहरुमा पानीको सतह घट्दै गइरहेकोले उक्त अवस्थालाई मध्यनगर गर्दै भूमिगत जल पुनरभरण र भूमिगत जलस्तरलाई बढाउन चुरे तथा भवार क्षेत्रमा जलाशय निर्माणको लागि बजेट विनियोजन गरेको छु।

५९. चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन र चुरे जोगाउ मधेश बचाउ भन्ने नारालाई मुर्तरुप दिन भु तथा जलाधार संरक्षण ऐन तर्जुमा गर्न आवश्यक पहल गर्नुका साथै पानीको उत्पादकत्व अभिबृद्धि गर्न चुरे संरक्षण संवाद कार्यक्रम र शहरी जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

६०. मुख्यमन्त्री हरित प्रदेश अभियान कार्यक्रमलाई निरन्तरता प्रदान गर्न प्रदेश भित्र रहेका खाली, सार्वजनिकजग्गा, नदी उकास, नहर/सडक किनार लगायतका स्थानहरुमा बहुउपयोगी बोटबिरुवाको बृहत बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न बजेट विनियोजन गरेको छु।

६१. वन पैदावरमा आधारीत लघु उधम विकास प्रवर्द्धन गरी वन क्षेत्रबाट रोजगारी तथा आय आर्जनका अवसरहरु सिर्जना गर्न व्यवसायिकरण हुनसक्ने वन पैदावरहरुको खेति प्रविधि विकासको लागि बजेट विनियोजन गरेको छु।

६२. प्रदेशभित्र रहेका धार्मिक एवं संस्कृतिक नदिनालाको पहिचान गरी ति नदिहरुको संरक्षण र सम्वर्द्धन गर्न संघिय तथा स्थानिय तहसँग समन्वय गरी प्रदेश प्रमुख नदिनाला नियन्त्रण तथा जल संरक्षण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

६३. हरेक पालिकाको संस्कृतिक झल्को देखिने माटो पार्क, मधेश इतिहास पार्क, बाबासाहेब आम्बेडकर पार्क, मधेश प्रदेशमा जलवायु परिवर्तन बाट भएका असरहरु र यसका न्यूनिकरण सम्बन्धी अध्ययनका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

६४. वन तथा वातावरण मन्त्रालय तर्फ रु २ अर्ब ४२ करोड ४० लाख २५ हजार विनियोजन गरेको छु।

**श्रम तथा यातायात**

**माननीय सभामुख महोदय,**

६५. मधेश प्रदेश सरकारले सीपयुक्त जनशक्ति, श्रमको सम्मान, सुनिश्चित रोजगारः समृद्ध मधेशको मुल आधार सहितको दुरदृष्टि राखी श्रम तथा रोजगार नीति २०७९ ल्याएको छ । सोहि नीतिले लिएको कार्यनीतिहरुलाई अवलम्बन गरि प्रदेश भित्रका वेरोजगार जनशक्तिका लागि रोजगारका अवसरहरु सृजना गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६६. श्रम बजार सर्वेक्षणबाट प्राप्त सूचनाको आधारमा प्रदेश भित्र रहेका रोजगारका अवसरहरु पहिचान गरि रोजगार योग्य सीपहरुको सुचीकरण गरिनेछ। श्रम बजार सम्बन्धि सुचनामा प्रदेशको नागरीकका लागि सुलभ पहुँचको संयन्त्र निर्माण गर्ने आवश्यक व्यवस्था मिलाएको छु।

६७. प्रदेश भित्रका निजिक्षेत्रसँग रहेका रोजगारका अवसर र वेरोजगार विच सम्बन्ध स्थापना गर्न रोजगारदाता र रोजगारीको खोजकर्ताहरुको विशेष पोर्टल बनाईनेछ।

६८. प्रदेश भित्र र वाहिर सीपमा आधारीत रोजगार प्रवर्धनका लागि "मुख्यमन्त्री रोजगार कार्यक्रम" प्रभावकारीरुपमा संचालन गरिनेछ । यस अन्तर्गत प्रदेश भित्रका विपन्न, गरिब एवंम् सीप नभएकै कारण पछाडिपरेका वेरोजगारहरु लाई सिप सहित वस्तुगत टेवा प्रदान गरि स्वरोजगार सृजना गर्न आवश्यक बजेट बिनियोजन गरेकोछु।

६९. लघु, घरेलु, साना, मझौला उद्यम व्यवसाय मार्फत आन्तरिक स्वरोजगार प्रवर्धन गर्नकालागि प्रदेश सरकारले "मधेश स्टार्टप र नवप्रवर्तन केन्द्र"का लागि रु. १५ करोड विनियोजिन गरेको छु। यस सहयोगका माध्यमले उद्यमी/व्यवसायीहरुको व्यवसाय सुरुवाती जोखिम न्युन गर्ने प्रयास गरिनेछ।

७०. वैदेशिक रोजगारीवाट स्वदेश फिर्ता आएका श्रमिकहरुले भित्रियाएका सीप, अनुभव, विप्रेषण को उचित प्रयोग गर्ने वातावारण तयार गर्नका लागि "स्वरोजगार कार्यक्रम" संचालनमा गर्नरकम विनियोजन गरेको छु।

७१. रोजगारका लागि वैदेशिक रोजगारीमा जाने र फर्केर आउने व्यक्तिहरुको लागि सुरक्षीत आप्रवासन सहयोग कार्यक्रम तथा बैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरुकालागि सामाजिक एवं आर्थिक पुनः एकीकरण गर्न दातृ नियोगहरुको सहयोगमा परियोजनालाई विस्तार गरी सीपयुक्त जनशक्ति मात्र वैदेशिक रोजगारीमा जाउन भन्ने उद्देश्यले सीप विकास तालिम प्रदान गर्न आवश्यक व्यवस्था मिलाएको छु।

७२. श्रमशोषण,बाल श्रम उन्मुलन र अनौपचारीक क्षेत्रका श्रमीकहरुको सम्मानीत रोजगारका लागि प्रदेश भरी विशेष कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था गरेको छु।

७३. श्रमिक महिलालाई विशेष प्राथमिकता दिई मुख्यमन्त्री महिला स्वरोजगार उद्यमशिलतामा सहभागी गराईने गरि बजेट व्यवस्थापन गरेको छु।

७४. प्रदेशको राजश्वको मुख्य श्रोतको रुपमा रहेको सवारी साधनको राजश्व व्यवस्थापन गर्न प्रत्येक यातायात व्यवस्था कार्यलयलाई डिजिटलाईजेशन गरिनुका साथै भाडामा संचालनमा रहेको यातायात कार्यालयहरुलाई आफ्नै कार्यालय भवन निर्माणकालागी आवश्यक बजेट को व्यवस्था गरेको छु।

७५. प्रदेश सरकारले हलुका सवारी साधन खरिद गर्दा विधुतिय सवारी साधनलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाएको छु।

७६. प्रविधिको प्रयोग मार्फत सवारी साधनहरुको भौतिक अवस्थाको निरन्तर परिक्षण गरि सुरक्षित आवागमन र दुर्घटना न्युनिकरणको सुनिश्चित्ताकालागि Vehicle Fitness Testing Center (VFTC) निर्माण लगायत ड्राईभिङ्ग लाइसेन्स ट्राएल सेन्टरमा CCTV जडान गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७७. प्रदेश सरकारका सावारी साधनहरुको दुरुपयोग रोकनकालागि सवारीहरुमा GPS जडान गर्ने व्यवस्था मिलाएको छु।

७८. दस हजार नागरिकलाई प्रदेश सरकारले बजार माग तथा आवश्यकतामा आधारित रहेर विभिन्न प्रकारका सिप विकास तालिम प्रदान गर्ने छ। उक्त कार्यक्रमबाट प्रत्यक्ष लाभांवित प्रत्येक नागरिकले कम्तिमा आफ्नो रोजगार वा स्वरोजगार स्थापना गरी दस हजार थप रोजगारीको अवसर श्रृजना हुने व्यवस्था गरेको छु। स्थानीय तहसँगको समन्वय र सहकार्यमा रोजगार सम्बन्धी कार्यहरु सञ्चालन गर्न अभ्यासलाई निर्न्तरता दिईने छ। स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई सबल गराई मधेश मानव जनशक्ति बैंकको रुपमा विकास गर्दै लगिने छ।

७९. डिजिटल प्रदेशको सम्भाब्यता अध्ययन र यस प्रदेश अन्तर्गत हरेक जिल्लाको कम्तीमा पनि एक ठाउँमा डिजिटल ईकोसिष्टमको पाईलटिङ्गको लागि प्रारम्भिक कार्यका लागी रकम विनियोजन गरेको छु। यस ब्यबस्थाबाट स्वास्थ्य, शिक्षा लगायत अन्य आधारभूत सेवाहरु सर्वसुलभ रुपमा प्रदान गर्न मद्दत मिल्ने छ भन्ने आशा गरेको छु। यसको साथसाथै डिजिटल युगमा स्थानिय युवा जनशक्तिलाई परिचालन गरी रोजगारीको लागि उल्लेखनिय टेवा पुग्नेछ।

८०. श्रम तथा यातायात मन्त्रालय तर्फ तर्फ रु ९९ करोड ९७ लाख ४८ हजार विनियोजन गरेको छु।

**उधोग,वाणिज्य तथा पर्यटन**

**माननीय सभामुख महोदय,**

८१. भारत तथा तेस्रो मुलुकका स्थलमार्गबाट नेपाल आउने पर्यटकहरुलाई विश्राम स्थल, मधेश प्रदेशका पर्यटकीय स्थलहरुको जानकारी समाग्रीहरु र खानेपानी शौचालय लगायतका सुविधाहरुको लागि पर्यटन सुचना केन्द्र तथा पर्यटक विश्रामस्थलहरुको लागि आवश्यक रकम विनियोजन गरिएको छ।

८२. विक्रम सम्बत् २०८२ लाई "घुमौं मधेश बुझौं मधेश" भन्ने मूल नाराका साथ मनाईने मधेश पर्यटन वर्षको पूर्व तयारीको लागि आवश्यक रकम विनियोजन गरेको छु।

८३. मधेश प्रदेशको पर्यटन गुरुयोजना बनाई बिभिन्न महत्वपुर्ण पर्यटकिय स्थलहरुलाई जोडि पर्यटन प्रवर्द्धन गर्नेकोलागी आवश्यक रकम बिनियोजन गरेको छु।

८४. मधेश प्रदेशको प्रादेशिक सौन्दर्यिकरणको लागि जनकपुर शहर सौन्दर्यीकरण तथा जनकपुरका पोखरीहरुको सौन्दर्यीकरण र मिथिला सँस्कृतिलाई प्रवर्द्धन गर्न समाग्रीकोलागि आवश्यक रकम विनियोजन गरेको छु।

८५. मधेश प्रदेशका धार्मिक पर्यटकीय स्थलहरुलाई जोडेर पर्यटन प्रवर्द्धन गर्नका लागि जानकी सर्किट तथा ८ जिल्लामा रहेको सबै पर्यटकिय स्थलहरुलाई ४ वटा पर्यटकिय सर्किटको रुपमा विकास गर्न परियोजना रिपोर्ट तयारिका साथै पर्यटन आकर्षणको लागि विभिन्न पर्यटकीय स्थलहरुको पुर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक रकम बिनियोजन गरेको छु।

८६. पर्यटन क्षेत्रमा जनशक्ति विकासका लागि होटेल व्यवस्थापन तालिम, टुर गाईड तालिम, होम स्टे तालिम सञ्चालन प्रदान तथा होमस्टेका लागि प्रविधि हस्तान्तरण तथा साँस्कृतिक पर्यटनको लागि मिथिला साँस्कृतिक कार्यक्रम एवं सामग्री प्रदान गर्नकोलागी आवश्यक रकम विनियोजन गरेको छु।

८७. पर्यटन क्षेत्रमा साहसिक पर्यटन तथा पर्या-पर्यटन प्रबर्द्धनको लागि कोशी नदि, चुरे क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आदिको पर्यटन पुर्वाधार विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु।

८८. पर्यटन प्रचार-प्रसारको पर्यटकीय स्थलहरुको विस्तृत विवरण भएको मधेश पर्यटन वेवसाईट तथा एप निर्माण एवं संचालनको लागि आवश्यक व्यवस्थाका साथै पर्यटन गाईड बोर्ड तथा पर्चा पम्पलेट एवं रेडियो, टेलिभिजन र अनलाईन सञ्चार माध्यम प्रयोग गरी मधेश पर्यटनको विकासको लागि आवश्यक रकम बिनियोजन गरेको छु।

८९. मधेश आ.ईटी पार्क, औद्योगिक कोरीडोरको सम्भाव्यता अध्ययन , ILO 169 का लागि अध्ययन, प्रदेशिक स्पेश तथा कम्युनिकेशन रिसर्च सेन्टर लगायतका स्थापनाका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

९०. मधेश प्रदेशमा उद्योग तथा पर्यटन क्षेत्रमा थप लगानी भित्रयाउना मधेश लगानी सम्मेलनको लागि आवश्ययक व्यवस्था गरेको छु।

९१. यूवा स्वरोजगार अभिवृद्धि गर्न उद्यमशिलता तालिम संगै स्टार्ट-अप पुँजी प्रदान तथा सीप विकास तालिमको लागी आवश्यक रकम विनियोजन गरेको छु।

९२. उद्यमी बजार प्रवर्द्धन तथा उपभोक्ता हकहित संरक्षणको लागि सचेतनाका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्थाको लागी आवश्यक रकम विनियोजन गरेको छु।

९३. प्रदेश विशेष आर्थिक क्षेत्र(SEZ) को स्थापना गर्ने एवं मधेशमा उद्यमीमैत्री वातावरण सृजना गरी उद्योग र रोजगार अभिवृद्धि गर्ने आवश्यक व्यवस्था गरेको छु।

९४. उधोग, वाणिज्य तथा पर्यटन मन्त्रालय तर्फ रु २ अर्ब ९८ करोड ५८ लाख २२ हजार विनियोजन गरेको छु।

**शिक्षा तथा संस्कृति**

**माननीय सभामुख महोदय,**

९५. प्रदेश निर्वाचन क्षेत्रका ३९ वटा सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई सहयोगको लागि रु ३ करोड ९० लाख विनियोजन गरेको छु।

९६. प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा १ वटाका दरले सामुदायिक विद्यालयमा सञ्चालित बाल विकास कक्षाको व्यवस्थापनमा सहयोगको लागि रु १ करोड २८ लाख विनियोजन गरेको छु।

९७. प्रत्येक जिल्लामा एउटा सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रविधियुक्त पुस्तकालयको रुपमा विकास गर्न रु २ करोड विनियोजन गरेको छु।

९८. प्रदेशका आठ वटै जिल्लाको संसदिय निर्वाचन क्षेत्रमा १/१ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न भौतिक पूर्वाधार

*(बाँकी पेज ७ मा)*

# वेस्ट ब्याङ्क बढ्दो स्वास्थ्य सङ्कटमा रहेको डब्ल्यूएचओको चेतावनी

**एएफपी**

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले शुक्रबार कब्जामा रहेको वेस्ट ब्याङ्कमा बढ्दो स्वास्थ्य सङ्कटको घोषणा गरेको छ। बढ्दो प्रतिबन्ध, हिंसा र स्वास्थ्य पूर्वाधारमा आक्रमणले वेस्ट ब्याङ्कको स्वास्थ्य पहुँचमा बाधा पुर्‍याइरहेको स्वास्थ्य सङ्गठनले बताएको छ।



संयुक्त राष्ट्र स्वास्थ्य सङ्गठनले एक विज्ञप्तिमार्फत "वेस्ट ब्याङ्कमा नागरिकहरूको तत्काल र सक्रिय सुरक्षा र स्वास्थ्य सेवाका लागि" आह्वान गरिरहेको छ । अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएदेखि पूर्वी जेरुसेलमसहित वेस्ट ब्याङ्कमा जुन १० सम्ममा एक सय २६ बालबालिका सहित ५२१ प्यालेस्टिनीको मृत्यु भएको उल्लेख गरिएको छ। प्यालेस्टिनी अधिकारीहरूले गाजा युद्ध सुरु भएदेखि कम्तिमा ५४५ प्यालेस्टिनीहरू इजरायली सेनाद्वारा मारिएको भन्दै वेस्ट ब्याङ्कको मृत्युको संख्या अझ बढी जनाएका छन् ।

मृत्युको अतिरिक्त ८०० बालबालिका सहित ५,२०० भन्दा बढी व्यक्तिहरू घाइते भएको बताउदै डब्ल्यूएचओले "पहिले नै तनावग्रस्त स्वास्थ्य सुविधाहरूमा आघात र आपतकालीन स्वास्थ्य पहुँच" मा जोड दिएको छ। सन् १९६७ देखि इजरायलले कब्जा गरेको वेस्ट ब्याङ्कले एक वर्षभन्दा बढी समयदेखि हिंसा खेपिरहको छ । डब्ल्यूएचओले शुक्रबार वेस्ट ब्याङ्कमा स्वास्थ्य सेवामा आक्रमण थप बढीरहेको बताएको छ।

अक्टोबर ७ देखि मे २८ का बिचमा वेस्ट ब्याङ्कमा स्वास्थ्य सुविधा, एम्बुलेन्स, स्वास्थ्यकर्मी र बिरामीलाई हिरासतमा लिएर ४८० वटा आक्रमण भएको डब्ल्यूएचओले तयार पारेको दस्तावेजले जनाएको छ।एकै समयमा, चेकपोइन्ट बन्द, बढ्दो असुरक्षा, र सम्पूर्ण समुदायहरूको घेराबन्दीका कारण वेस्ट ब्याङ्कको स्वास्थ्य पहुँचलाई अझ गाह्रो बनाएको थियो। अक्टोबर ७ देखी पूर्वी जेरुसेलम र इजरायल जान प्रतिबन्ध लगाएसँगै वेस्ट ब्याङ्कका नागरिकहरुको स्वास्थ्य सुविधामा गम्भिर असर परेको छ।

# वेल्सकी राजकुमारी क्याथरिन सार्वजनिक कार्यक्रममा सामेल हुने

**एएफपी**

लन्डन । वेल्सकी राजकुमारी क्याथरिनले शनिबार मध्य लन्डनमा आयोजना हुने ट्रूपिङ द कलर सैन्य परेडमा भाग लिने घोषणा गर्नुभएको छ। क्यान्सर भएको पत्ता लागेपछि उहाँको यो पहिलो सार्वजनिक जीवनमा अस्थायी पुनरागमन हुनेछ। गत वर्ष डिसेम्बरमा क्रिसमस डेको दिन केटले सार्वजनिक संलग्नतामा देखाउनु भएको थियो र मार्चमा केमोथेरापी गरिरहेको खुलासा गर्नुभएको हो।



बयालीस वर्षीया राजकुमारी विश्वको सबैभन्दा धेरै फोटो खिचिएकी महिलामध्ये एक हुनुहुन्छ । केटको लामो अनुपस्थितिले विशेषतः अनलाईन माध्यमहरुलाई उहाँको स्वास्थ्य अवस्थाबारे कौतुहलता बढाएको थियो । उहाँले शुक्रबार साँझ एक सामाजिक सञ्जालमार्फत आफ्नो उपचारका राम्रो सुधार भइरहेको र अझै केही समय लाग्ने जानकारी गराउनुभएको छ । "म यस सप्ताहन्तमा मेरो परिवारसँग राजाको जन्मदिन परेडमा भाग लिन उत्सुक छु र केही सार्वजनिक कार्यक्रमहरूमा सामेल हुने आशा गर्दछु, तर मेरो स्वास्थ्यमा पूर्ण सुधार भईसकेको छैन", राजकुमारीले बताउनुभयो।

# नेपाल एक रनले पराजित



काठमाण्डु । आइसीसी टि-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबारको खेलमा नेपाल दक्षिण अफ्रिकासँग एक रनले पराजित भएको छ । हारसँगै नेपालको अन्तिम आठमा पुग्ने सम्भावना सकिएको छ।

वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित आर्नोस भले ग्राण्ड किङ्सटाउन रङ्गशालामा भएको खेलमा दक्षिण अफ्रिकाका टाबरेज साम्सीले एकै ओभरमा दुई महत्वपूर्ण विकेट लिएपछि नेपाल दबाबमा पुगेको थियो । नेपालले खेलको आठौं ओभरको दोस्रो बलमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो । उनी २१ बलमा १३ रन बनाएर बोल्डआउट भएका थिए।

त्यसपछि क्रिजमा आएका कप्तान रोहितकुमार पौडेल दोस्रो बलको सामना गर्ने क्रममा साम्सीबाट बोल्ड आउट भए । त्यसपछि नेपालले तेस्रो विकेटका रुपमा अनिल शाहलाई गुमाउन पुग्यो । अनिल २४ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै २७ रनमा आउट भए । आउट हुनु अगाडि उनले ओपनर आसिफ शेखसँग राम्रो साझेदारी गरेका थिए।नेपालले ३५ रन जोड्दा कुशल भुर्तेल र कप्तान रोहितकुमार पौडेल आउट भएपछि अनिल क्रिजमा आएका थिए। अनिलले आसिफसँग ५० रनको साझेदारी गरेका थिए।

ओपनर आशिफलाई नेपालले पाँचौ विकेटको रुपमा गुमाएको थियो । आशिफले ४९ बलमा चार चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाए। दीपेन्द्रसिंह ऐरी छ रनमा आउट भए भने कुशल मल्ल एक रनमा पेभिलियन फर्किए। गुल्सन झा छ रनमा आउट हुँदा सोमपाल कामी आठ रनमा अविजित रहे। दक्षिण अफ्रिकाका टाबरेज साम्सी एक्लैले चार विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय १५ रनको योगफल बनाएको थियो । उसका लागि रिजा हेन्डरिक्सले सर्वाधिक ४३ रनको योगदान दिए। कूल ४९ बल खेलेका उनले पाँच चौका र एक छक्का प्रहार गरे।

साथै टिस्टन स्टब्सले १८ बलमा दुई चौका र एक छक्काको मद्धतमा २७ रन बनाए भन आइडेन मार्करमले २२ बलमा दुई चौका प्रहार गर्दै १५ रन जोडे। क्वान्टन डेककले ११ बलमा १० रन जोडे भने डेभिड मिलरले सात रन बनाए।

नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक चार विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले तीन विकेट झारे । नेपालले समूह चरणको आफ्नो अन्तिम खेल यही असार ३ गते सोमबार बङ्गालदेशसँग खेल्नेछ।रासस

# न्यूजिल्याण्डको पहिलो जीत

काठमाण्डु । आइसिसी टि-ट्वाइन्टी विश्वकप क्रिकेटमा न्यूजिल्याण्डले युगान्डालाई पराजित गर्दै प्रतियोगितामा पहिलो जीत दर्ता गराएको छ।

वेस्टइन्डिजको ब्रायन लारा क्रिकेट एकेडेमी मैदानमा भर्खरै सम्पन्न खेलमा न्यूजिल्यान्डले युगान्डलाई नौ विकेटले पराजित गर्दै विश्वकपमा पहिलो जित दर्ता गराएको हो। जितसँगै समूह 'सी'मा रहेको न्यूजिल्यान्डले तीन खेलमा २ अङ्क जोडेको छ। चार खेले खेलेको युगान्डाको २ अङ्क छ ।युगान्डाले प्रस्तुत गरेको ४१ रनको सामान्य लक्ष्य पच्छाएको न्यूजिल्यान्डले पाँच दशमलव दुई ओभरमा एक विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो। न्यूजिल्यान्डका लागि डिभोन केन्वेले अविजित २२ रन बनाए । त्यस्तै फिनन् अल्लेनले नौ रन जोड्दा रचिन अभिन्द्र एक रनमा अविजित रहे।

बलिङतर्फ युगान्डाका रियाजत अली शाहले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युगान्डाले १८ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ४० रनको योगफल बनाएको थियो। युगान्डाका लागि केनथ वाइस्वाले सर्वाधिक ११ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

युगान्डालाई सस्तैमा समेट्नेक्रममा न्यूजिल्यान्डका टिम साउथीले तीन विकेट लिए भने ट्रेन्ट बोल्ट, मिचेल स्यान्टनर र रचिन रविन्द्रले समान दुई/दुई विकेट लिए । त्यस्तै लोकी फर्गुसनले १ विकेट झारे।रासस

# चीनमा तटरक्षा सम्बन्धी नयाँ नियम लागू



**एएफपी**

साङ्घाई। चीनमा शनिबारदेखि लागू हुने नयाँ चीन तटरक्षा सम्बन्धी नियमले अधिकारीहरूलाई दक्षिण चीन सागरको विवादित क्षेत्रमा विदेशीहरूलाई बिना कुनै परीक्षण ६० दिनसम्म हिरासतमा राख्न अनुमति दिने भएको छ। बेइजिङले अनलाइन प्रकाशित गरेको नियमअनुसार चीनको तटरक्षकले शनिबारदेखि सीमा प्रवेश र निकासको व्यवस्थापन उल्लङ्घन गरेको शङ्कामा विदेशीहरूलाई हिरासतमा लिन सक्नेछ।

> "व्यक्ति र संस्थाहरुले कुनै पनि गैरकानुनी काम नगरेसम्म चिन्ता गर्न आवश्यक छैन"।

जटिल मामिलाहरूका लागि ६० दिनसम्म हिरासत अवधिको अनुमति छ, र यदि बन्दीहरूको राष्ट्रियता र पहिचान अस्पष्ट छ भने, जाँचका लागि हिरासतको अवधि उनीहरूको पहिचान निर्धारण भएको दिनदेखि गणना गरिनेछ, अवैध रूपमा चीनको क्षेत्रीय पानी र छेउछाउमा प्रवेश गरेका विदेशी जहाजहरूलाई नगरपालिका तटरक्षक एजेन्सी वा प्रमुख तटरक्षक एजेन्सीको स्वीकृति लिएर कानूनअनुसार हिरासतमा राख्न सकिनेछ", नियममा उल्लेख गरिएको छ।

बेइजिङले पानीमा गस्ती गर्न तटरक्षक र अन्य डुङ्गाहरू तैनाथ गरेको छ र धेरै चट्टानहरूलाई सैन्यकृत कृत्रिम टापुहरूमा परिणत गरेको छ।

फिलिपिन्सले चिनियाँ तटरक्षकलाई फिलिपिन्सका जहाजहरू विरुद्ध अमानवीय व्यवहार" गरेको आरोप लगाएको छ। राष्ट्रपति फर्डिनान्ड मार्कोसले यस महिना दक्षिण चीन सागरमा "अवैध, जबरजस्ती, आक्रामक र भ्रामक" कार्यहरू गरेको आरोप लगाउनुभएको छ ।विदेश मन्त्रालयका पूर्व प्रवक्ता वाङ्ग वेनबिनले नयाँ नियमहरूको उद्देश्य "तटरक्षक एजेन्सीहरूको प्रशासनिक कानून-प्रवर्तन प्रक्रियाहरूलाई मानकीकरण गर्ने र समुद्रमा व्यवस्थालाई सुधार गर्ने" रहेको बताउनुभयो । "व्यक्ति र संस्थाहरूले कुनै पनि गैरकानुनी काम नगरेसम्म चिन्ता गर्न आवश्यक छैन", वाङले भन्नुभयो।

# युक्रेन शान्ति शिखर सम्मेलनमा भाग लिन विश्व नेताहरू प्रस्थान

**एएफपी**

लुसर्न ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोसँग शान्ति वार्ता चाहेको खण्डमा कियभलाई प्रभावकारीरूपमा आत्मसमर्पण गर्न माग गरेपछि युक्रेनमा शान्तिसम्बन्धी पहिलो शिखर सम्मेलनका लागि विश्वका नेताहरू शनिबार स्विट्जरल्याण्ड पुगेका छन्।



बर्गेनस्टक रिसोर्टमा हुने दुई दिने सम्मेलनमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र ५० भन्दाबढी अन्य राष्ट्र र सरकार प्रमुखको सहभागीता रहनेछ तर रसियाले भने भाग लिने छैन।

स्विट्जरल्यान्डले मस्कोलाई संलग्न गरी शान्तिको मार्गका लागि प्रारम्भिक आधार तयार पार्ने लक्ष्य राखेको थियो तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार शिखर सम्मेलनलाई "सबैलाई विचलित गर्ने चाल" भन्दै प्रतिकार गर्नुभएको छ।

उहाँले कियभले पूर्व र दक्षिणबाट आफ्नो सेना फिर्ता लिए र नाटो सदस्यताको त्यागेमा "तुरुन्तै" शान्ति वार्ता सुरु गर्ने बताउनुभयो । जेलेन्स्कीले पुटिनको मागलाई नाजी जर्मनीका तानाशाह एडोल्फ हिटलरको सम्झना दिलाउने क्षेत्रीय "अल्टिमेटम" का रूपमा आलोचना गर्नुभएको छ । नाटो र संयुक्त राज्य अमेरिकाले पनि रुसको यो कठोर सर्तलाई अस्वीकार गरेको हो।

# दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा दोस्रो कार्यकालका लागि पुनःनिर्वाचित

**एएनआई**

प्रिटोरिया । दक्षिण अफ्रिकी संसदले शुक्रबार सातौं संसद्को राष्ट्रियसभाको पहिलो बैठकमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेस(एएनसी) का अध्यक्ष सिरिल रामाफोसालाई राष्ट्रपतिको रूपमा पुनःनिर्वाचित गरेको छ।



सामाजिक सञ्जाल एक्समार्फत दक्षिण अफ्रिकाको सत्तारुढ दल एएनसीले रामाफोसा पुनःराष्ट्रपतिको रूपमा निर्वाचित हुनुभएको खुलासा गरेको छ। "केपटाउन अन्तर्राष्ट्रिय कन्भेन्सन सेन्टरमा आयोजित ७औँ लोकतान्त्रिक संसद्को राष्ट्रियसभाको पहिलो बैठकबाट माननीय सिरिल रामाफोसा दक्षिण अफ्रिका गणतन्त्रको राष्ट्रपतिको रूपमा पुनः निर्वाचित हुनुभएको छ", एएनसीले एक्समा भन्यो।

दक्षिण अफ्रिकाको अफ्रिकी राष्ट्रिय काङ्ग्रेस पार्टीले दुई हप्ताअघि भएको चुनावमा एएनसीले ३० वर्षको बहुमत गुमाएपछि बिहीबार मुख्य विपक्षी र अन्य दलसँग गठबन्धन सरकार गठन गर्न र राजनीतिक गतिरोध अन्त्य गर्न सहमति भएको स्थानीय समाचार माध्यमले जनाएको छ ।राष्ट्रपतिको रूपमा रामाफोसाको यो दोस्रो कार्यकाल रहेको दक्षिण अफ्रिकाको समाचार एजेन्सीले बताएको छ।

# ह्यारिसद्वारा युक्रेनका लागि एक अर्ब ५० करोड डलर सहायता घोषणा



**एएफपी**

वासिङ्टन। अमेरिकाले युक्रेनका लागि एक अर्ब ५० करोड डलरको नयाँ सहायता घोषणा गरेको छ।

उपराष्ट्रपति कमला ह्यारिसले शनिबार रुसी आक्रमणको दुई वर्षभन्दा लामो समयपछि मुख्यरूपमा युक्रेनको ऊर्जा क्षेत्र र मानवीय सहायताका लागि उक्त सहयोग घोषणा गर्नुभयो ।स्विट्जरल्यान्डको लक्जरी बर्गेनस्टक माउन्टेन रिसोर्टमा दुई दिने शान्ति शिखर सम्मेलनमा सहभागी हुनुभएकी ह्यारिसले उक्त सहायतामा ५० करोड डलर नयाँ कोष समावेश भएको जानकारी दिनुभयो । यसअघि घोषित युएसएआइडी कोषमा थप ३२ करोड ४० लाख डलर पनि आपत्काली ऊर्जा आवश्यकताहरू पूरा गर्नका लागि पुनःनिर्देशित गरिनेछ।

"यो कोषले युद्धमा क्षतिग्रस्त ऊर्जा पूर्वाधारको मर्मत गर्नेछ, विद्युत् उत्पादनको विस्तार गर्नेछ, निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नेछ र ऊर्जा पूर्वाधारको संरक्षण गर्नेछ", उपराष्ट्रपति ह्यारिसले एक वक्तव्यमा भन्नुभयो, "यी प्रयासहरूले युक्रेनलाई मर्मत र पुनरप्राप्तिको समर्थन गरेर, ऊर्जा आपूर्ति व्यवधानप्रति युक्रेनको लचिलोपनमा सुधार गरेर र ऊर्जा प्रणालीको मर्मत तथा विस्तारका लागि आधार तयार गरेर उसको पूर्वाधारमा रुसको पछिल्लो आक्रमणलाई जवाफ दिन सहयोग प्राप्त हुनेछ।"

युएसएआइडी र विदेश मन्त्रालयको नयाँ प्याकेजमा ३७ करोड ९० लाख डलरभन्दा बढी मानवीय सहायता सामेल छ । "यसले युक्रेनी जनताविरुद्ध रुसको क्रुर युद्धबाट प्रभावित शरणार्थीहरू, आन्तरिकरूपमा विस्थापितहरू र द्वन्द्व-प्रभावित समुदायहरूको तत्कालको आवश्यकता पूरा गर्न मद्दत गर्नेछ", ह्यारिसले भन्नुभयो। उहाँका अनुसार कांग्रेसको समर्थनमा विदेश मन्त्रालयले युक्रेनी नागरिक सुरक्षा सहायतामा थप ३० करोड डलर प्रदान गर्नेछ।

"यो समर्थनले उनीहरूलाई युक्रेनी क्षेत्रको रक्षा गर्न, क्रेमलिनको आक्रमणबाट लक्षित नागरिकलाई बचाउन, महत्त्वपूर्ण पूर्वाधारको संरक्षण गर्न र युद्ध अपराध तथा अन्य अत्याचारका एक लाख २० हजारभन्दा बढी दर्ता भएका मुद्दाहरूको अनुसन्धान गर्न सुरक्षितरूपमा युद्धको अग्रमोर्चामा काम गर्न सहयोग गर्नेछ", उपराष्ट्रपति ह्यारिसले भन्नुभयो।

# बीस हजार कैदीको 'मेगा कारागार' बनाउने होन्डुरसको घोषणा

**एएफपी**

तेगुसिलपा । होन्डुरसले २० हजार क्षमताको 'मेगा कारागार' निर्माण गर्ने भएको छ ।मुलुकमा 'सुरक्षा आपत्कालीन' विरुद्ध लड्ने उपायबीच राष्ट्रपति जिओमारा क्यास्ट्रोले शुक्रबार मेगा कारागार बनाउने घोषणा गर्नुभयो।



होन्डुरसको राष्ट्रिय सुरक्षा र सुरक्षा परिषद्का सदस्यहरूसँग क्यास्ट्रोले राति राष्ट्रलाई सम्बोधन गर्दै 'अपराधविरुद्धको समाधानको योजना' बढ्दो हिंसाका बारेमा सार्वजनिक गुनासोहरूको प्रतिक्रिया रहेको बताउनुभयो। उहाँले 'हत्या, लागु औषधको ओसारपसार, जबर्जस्ती असुली, अपहरण, हतियारको तस्करी, अवैध सम्बन्ध र मनी लन्ड्रिङजस्ता अपराधको धेरै घटना भएका सबै क्षेत्रमा' सशस्त्र बल र प्रहरीले 'तत्काल हस्तक्षेप' गर्नुपर्ने बताउनुभयो । मेगा कारागार र करिब एक दर्जन अन्य उपायले छिमेकी मुलुक एल साल्भाडोरलाई प्रतिध्वनि गर्दछ। एल साल्भाडोरमा राष्ट्रपति नायब बुकेलेको गिरोहविरोधी अभियानले अधिकार समूहहरूबाट आलोचना प्राप्त गरे पनि उहाँलाई ल्याटिन अमेरिकामा सबैभन्दा लोकप्रिय नेतामध्ये एक बनाएको छ। होन्डुरस विश्वको सबैभन्दा हिंसात्मक मुलुकमध्ये एक हो । यहाँ सन् २०२३ मा प्रति एक लाख बासिन्दामध्ये हत्या दर ३४ रहेको छ र यो विश्वव्यापी औसतभन्दा करिब छ गुणा हो । सशस्त्र बलका प्रमुख रुजबेल्ट हर्नान्डेजले उत्तरपूर्वी ओलानचो र ग्रेसियस ए डिओस विभागबीच निर्जन क्षेत्रमा 'घोषित सुरक्षा आपत्कालीन' अन्तर्गत २० हजार कैदी अट्ने ' आपत्कालीन रिक्लुजन सेन्टर' तत्काल निर्माण गर्न आदेश दिइएको बताउनुभयो । उहाँका अनुसार होन्डुरसको करिब ३० कारागारमा हाल करिब २१ हजार कैदी रहेका छन् र तिनीहरूलाई 'तत्काल' नयाँ सुविधामा स्थानान्तरण गरिनेछ।

रक्षामन्त्री म्यानुअल जेलयाले क्यारेबियनमा स्वान द्वीपमा पहिला नै २० हजार कैदीलाई राख्ने योजना बनाइएको कारागार निर्माणका लागि दुई सातामा टेन्डर घोषणा गरिने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "कोका पात र गाँजाको बगैंचा तथा लागु पदार्थ प्रशोधन केन्द्रहरू पत्ता लगाउन, उन्मूलन गर्न, सुरक्षित गर्न तथा नष्ट गर्नका लागि अनुसन्धान र अपरेसनलाई तीव्र पार्ने योजना पनि थिए।"

# अस्ट्रेलियासँगको 'मतभेद हटाउन' चिनियाँ प्रधानमन्त्री लीको आग्रह

**एएफपी**

सिडनी। चीनका प्रधानमन्त्री ली छ्याङले शनिबार आर्थिक अवसरहरूको वाचामा केन्द्रित भ्रमणको सुरुआत गर्दै अस्ट्रेलियासँगको 'मतभेदहरू हटाउन' आह्वान गर्नुभएको छ।

चार दिने कूनीतिक भ्रमणका लागि एडिलेडमा अवतरण गरेपछि प्रधानमन्त्री लीले चीनद्वारा प्रमुख अस्ट्रेलियाली निर्यातहरूविरुद्ध दण्डात्मक व्यापार प्रतिबन्ध हटाएसँगै मेलमिलापको प्रस्ताव गर्नुभयो। "पारस्परिक सम्मान र साझा आधार खोज्दै मतभेदहरू मेटाउने चीन-अस्ट्रेलिया सम्बन्धमा पारस्परिकरूपमा लाभदायक सहयोगका रूपमा रहेको बहुमूल्य अनुभवलाई अगाडि बढाउनुपर्छ", उहाँले लिखित आगमन वक्तव्यमा भन्नुभयो, "अधिक परिपक्व, स्थिर र फलदायी व्यापक रणनीति साझेदारी दुवै मुलुकका जनताद्वारा साझा गरेको खजाना हुनेछ।"

राष्ट्रपति सी जिनपिङपछि चीनको दोस्रो सबैभन्दा शक्तिशाली नेता ली संसाधन सम्पन्न महादेश अस्ट्रेलियामा आफ्नो कूटनीतिक मिसनको सरुआतमा एडिलेड पुग्नुभएको छ। उहाँ सन् २०१७ पछि अस्ट्रेलियाको भ्रमण गर्ने उच्च पदस्थ चिनियाँ अधिकारी हुनुहुन्छ।

चीनले पूर्व कन्जरभेटिभ सरकारसँग कूटनीतिक मतभेदका क्रममा सन् २०२० मा वाइन, काठ, जौ र गाईको मासु निर्यातमा लगाइएको व्यापार प्रतिबन्धलाई क्रमशः हटाएको छ। यी उपायले अस्ट्रेलियाली निर्यातकहरूलाई प्रतिवर्ष २० अर्ब अस्ट्रेलियन डलर (१३ अर्ब अमेरिक डलर) खर्च गर्ने अनुमान गरिएको छ।

## गण्डकी प्रदेशः

# आगामी आवका लागि ३२ अर्ब ९७ करोड बजेट



गण्डकी । गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि रु ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार बजेट विनियोजन गरेको छ।

गण्डकी प्रदेशसभाको शनिबारको बैठकमा प्रदेशका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले प्रस्तुत गर्नुभएको बजेटमा चालुतर्फ रु १३ अर्ब १६ करोड पाँच लाख ८२ हजार र पुँजीगततर्फ रु १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजार विनियोजन गरिएको उल्लेख छ । कूल विनियोजनमध्ये चालुतर्फ ३९ दशमलव ९१ प्रतिशत र पुँजीगततर्फ ५९ दशमलव १९ प्रतिशत बजेट हो । प्रदेश सरकारको वित्तीय व्यवस्थापनतर्फ रु तीन करोड बजेट विनियोजन गरिएको छ।

यसैगरी बजेटमा आन्तरिक राजस्वबाट रु पाँच अर्ब १७ करोड उठाउने लक्ष्य लिएको छ । सङ्घ सरकारको वित्तीय समानीकरणबाट रु सात अर्ब ६३ करोड ८८ लाख, राजस्व बाँडफाँटबाट रु नौ अर्ब ६१ करोड, सशर्त अनुदानबाट रु तीन अर्ब १० करोड ११ लाख र समपूरक अनुदानतर्फ रोयल्टीवापत रु ४८ करोड १० लाख प्राप्त हुने जनाइएको छ।

यस्तै सङ्घ सरकारको समपूरक बजेटबाट रु एक अर्ब १९ करोड र विशेष अनुदानबाट रु ६५ करोड ५५ लाखको स्रोत व्यवस्थापन हुने छ भने वित्तीय हस्तान्तरणतर्फ प्रदेश सरकारले रु एक अर्ब १६ करोड स्थानीय तहलाई उपलब्ध गराउने आर्थिक मामिलामन्त्री गुरुङले जानकारी दिनुभयो। आगामी आवमा प्रदेश सरकारले रु एक अर्ब ७० करोड आन्तरिक ऋण लिने जनाइएको छ। चालु आवमा रु दुई अर्ब ९४ करोड मौज्दात रहने र नपुग रु एक अर्ब ७० करोड आन्तरिक ऋणबाट पूर्ति हुने गुरुङले बताउनुभयो।

बजेटमा कृषि, पर्यटन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्र प्राथमिकतामा परेका छन् । कृषि तथा भूमि व्यवस्था मन्त्रालयतर्फ रु दुई अर्ब नौ करोड २१ लाख सात हजार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गतका कार्यक्रम तथा योजनाका लागि रु ९१ करोड ५१ हजार बजेट विनियोजन गरिएको छ।

शिक्षा, खेलुकद, युवा तथा सामाजिक विकासतर्फ रु पाँच अर्ब ४७ करोड ७४ लाख, भौतिक पूर्वाधार विकास तथा यातायात क्षेत्रमा रु १२ अर्ब ७० करोड १६ लाख र ऊर्जा, खानेपानी र जलस्रोतको क्षेत्रमा रु चार अर्ब दुई करोड ५३ लाख बजेट विनियोजन गरिएको छ । गुणस्तरीय पूर्वाधार तथा उत्पादन अभिवृद्धि, रोजगारी, आयआर्जन, सामाजिक न्याय, समुन्नति र सुशासन अभिवृद्धिको उद्देश्यमा केन्द्रित भएर बजेट ल्याइएको आर्थिक मामिलामन्त्री गुरुङले जानकारी दिनुभयो ।रासस

## कर्णाली प्रदेशः

# आगामी आवका लागि ३१ अर्ब ४१ करोड बजेट विनियोजन

कर्णाली । कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि रु ३१ अर्ब ४१ करोड ४१ हजार बराबरको बजेट प्रस्तुत गरिएको छ।

कर्णाली प्रदेशसभाको आजको चौथो अधिवेशनको दशौँ बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीद्वारा प्रस्तुत बजेटमा पुँजीगततर्फ रु १८ अर्ब ७५ करोड आठ लाख ६८ हजार (५९ दशमलव सात प्रतिशत) र चालुतर्फ रु सात अर्ब ५७ करोड ५५ लाख (२४ दशमलव १२ प्रतिशत) बजेट विनियोजन गरिएको छ । यस्तै, वित्तीय व्यवस्थापनतर्फ रु २५ करोड (शून्य दशमलव आठ प्रतिशत) र स्थानीय तहतर्फ वित्तीय हस्तान्तरणका लागि रु चार अर्ब ८३ करोड ८१ हजार (१५ दशमलव ३८ प्रतिशत) बजेट विनियोजन गरिएको छ।



आगामी आका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्वबाट रु ८३ करोड ४४ लाख ६५ हजार र चालु आर्थिक वर्षको खर्च नभई बचत हुने अनुमानित रकम रु पाँच अर्ब १३ करोड ८१ लाख २६ हजार परिचालन गरिएको मन्त्री केसीले उल्लेख गर्नुभयो।

उहाँका अनुसार सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेट रु नौ अर्ब ३८ करोड ५३ लाख र वित्तीय समानीकरण अनुदानतर्फको रु १० अर्ब ३६ करोड ६३ लाख, सशर्त अनुदानबाट रु तीन अर्ब ७१ करोड ५० लाख परिचालन गरिने छ । यसैगरी सङ्घीय सरबारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रु एक अर्ब २८ करोड ५० लाख र विशेष अनुदानतर्फ रु ६७ करोड ६५ लाख परिचालन गरिनेछ। सङ्घीय सरबारबाट सर्शत अनुदानमा प्राप्त हुने वैदेशिक सहायताबाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालिन हुने कार्यक्रम कार्यान्वयनका लागि रु एक करोड ३३ लाख ५० हजार स्रोत परिचालन गर्ने बजेटमा उल्लेख छ। विनियोजित बजेटमा भौतिक पूर्वाधार, यातायात र सहरी विकासका लागि रु १० अर्ब ४६ करोड (३३.३० %) बजेट रहेको छ।

प्रदेशसरकारले चालु आवको भन्दा रु दुई अर्ब बजेट घटाएर ल्याएको छ । पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, पर्यटन र उत्पादनमा जोड दिनुका साथै बजेटले प्रदेशको गरिबी न्यूनीकरणमा ध्यान दिँदै 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को सोचलाई सार्थक तुल्याउने उद्देश्यसहित सात उद्देश्य, सात प्राथमिकता र सात रणनीतिक क्षेत्र निर्धारण गरी बजेट ल्याइएको छ । गत आवका लागि प्रदेश सरकारले रु ३३ अर्ब ३७ करोड ९७ लाख सात हजार बजेट विनियोजन गरेको थियो ।रासस

## कोशी प्रदेश :

# ३५ अर्ब २७ करोडको बजेट सार्वजनिक



विराटनगर । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ३५ अर्ब २७ करोड ९३ लाखको बजेट सार्वजनिक गरेको छ।

कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम ११४(१) बमोजिम प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आगामी आवका लागि राजस्व र व्ययको वार्षिक अनुमानसहितको बजेट प्रस्तुत गर्नुभएको हो । सार्वजनिक गरिएको बजेटमध्ये चालु खर्चतर्फ रु १४ अर्ब ४७ करोड २३ लाख तथा पुँजीगत खर्चतर्फ रु १६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्थातर्फ रु दुई करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार अर्ब ५८ करोड ५० लाख विनियोजन गरिएको छ । चालु खर्चमध्ये सङ्घीय अनुदान फिर्ता रु तीन अर्ब रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु चार अर्ब ९८ करोड, राजस्व बाँडफाँटबाट रु १२ अर्ब ४० करोड आठ लाख, सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ करोड ९४ लाख, समपूरक अनुदानबाट रु ६५ करोड ५० लाख तथा विशेष अनुदानबाट रु ७८ करोड एक लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रु ३१ अर्ब ९२ करोड ३४ लाख खर्च व्यहोर्ने तथा बाँकी नगद मौज्दातबाट रु तीन अर्ब २५ करोड र वैदेशिक अनुदानबाट रु १० करोड ५९ लाख व्यहोर्ने आज सार्वजनिक गरिएको बजेटमा उल्लेख छ ।रासस

# मधेश प्रदेशको आ.व. २०८१/०८२ को .....

तथा क्षमता विकासगर्न रु १६ करोड विनियोजन गरेको छु।

९९. प्रदेशको आठवटै जिल्लामा १/१ वटा नमूनाको रुपमा खुल्ला शैक्षिक पार्क निर्माणगर्न रु ४ करोड विनियोजन गरेको छु।

१००. अति विपन्न डोम मुसहर चमार दुसाद हलखोर लगायत सिमान्तकृत जातजातिका बालबालिकाहरुलाई लक्षित गर्दै दलित शिक्षा अभियान कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१०१. पुर्ण साक्षर मधेश प्रदेश - साक्षरता अभियान, टिच फर मधेश , जय मातृभुमि मधेशी भाषा, मधेशको इतिहास पठनपाठन, मधेश थिंक ट्यांक, मधेश आर्ट स्टुडियो , कोडिङ्ग आर्मी लगायतका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

१०२. मधेशको पहिचान लोककला सहित्य संस्कृति भाषा कला लोकगित नृत्य संगित साहित्य संरक्षण सम्बर्द्धन तथा प्रवर्द्धनो लागि मधेश प्रदेश संस्कृतिक प्रतिष्ठान स्थापनाको लागि बजेट विनियोजन गरेको छु।

१०३. प्रदेशमा रहेका विद्यालयतथा विश्वविद्यालयहरुको भौतिक पुर्वाधार स्तरोन्नती गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०४. मधेश स्वस्थ्य विज्ञान प्रतिष्ठानमा आ.व ०८१/८२ देखि M.B.B.S., B.D.S, B.Pharmacy, BSc. M.L.T लगायतका स्नातक तहका कार्यक्रमहरु सञ्चालन गर्न कक्षा कोठा तथा भवन निर्माण गर्न बजेट विनियोजन गरेको छु।

१०५. शिक्षा तथा संस्कृति मन्त्रालय तर्फ रु २ अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरेको छु।

**गृह तथा सञ्चार**

**माननीय सभामुख महोदय,**

१०६. प्रदेश सरकारको आधिकारीक कागजात तथा दस्तावेज छपाई कार्यलाई व्यवस्थित गर्नको लागि प्रदेश मुद्रण छापाखाना स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०७. प्रदेश प्रहरी कार्यालयको प्रशासनिक भवन निर्माण कार्यको लागि १२ करोड विनियोजन गरेको छु।

१०८. प्रदेश भित्रमा आगलागि तथा मानविय एवं प्रकृति प्रकोप व्यवस्थापन कार्यको लागी वारुणयन्त्र खरिद कार्यको लागि रु ८ बजेट विनियोजन गरेको छु।

१०९. मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरुलाई सिप मुलक तालिम प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११०. गृह, सञचार तथा कनुन मन्त्रालय तर्फ रु ७७ करोड ५७ लाख ०४ हजार विनियोजन गरेको छु।

**उर्जा, सिंचाई तथा खानेपानी**

**माननीय सभामुख महोदय,**

१११. सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११२. खानेपानीको गुणस्तर परिक्षणका लागि प्रदेशस्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने र निर्माणमा प्रयोग हुने साम्रगीहरुकोलागि प्रदेशस्तरीय निर्माण सामाग्री परिक्षण प्रयोगशाला स्थापना गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११३. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्ग अन्तर्गतका क्षेत्रहरुमा विद्युतिय चार्जिङ्ग स्टेशन निर्माणको लागि २ करोड विनियोजन गरेको छु।

११४. सिंचाई प्रयोजनको लागि भुमिगत जलश्रोत नक्साकंन तथा Recharging Zone को अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११५. शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (Madhesh River Linking Project) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा अगाडी बढाउनको लागि रु १ करोड बजेट विनियोजन गरेको छु।

११६. मधेश प्रदेशमा २००० मेगावाट सम्मको सौर्य उर्जा उत्पादनका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

११७. उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय तर्फ रु ५ अर्ब १७ करोड ९६ लाख ४२ हजार विनियोजन गरेको छु।

**खेलकुद तथा समाज कल्याण**

**माननीय सभामुख महोदय,**

११८. मधेश प्रदेशका प्रत्येक महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्द्धनको लागि आवश्यक प्राविधिक सहयोग तथा क्षमता विकासको लागि बजेट विनियोजन गरेको छु।

११९. जेष्ठ नागरीकहरुको लागि विशेष सहयोग कार्यक्रम अन्तर्गत जेष्ठ नागरीक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि बजेट विनिययोजन गरेको छु।

१२०. बिरगंज महानगरपालिका वडा नं १५ अन्तर्गत नारायणी क्रिकेट रंगशालामा अन्तराष्ट्रियस्तरको क्रिकेट प्रशिक्षण केन्द्रको स्थापनाको लागि आवश्यक विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नको लागि बजेट विनियोजन गरेको छु।

१२१. मधेश प्रदेश भित्र बसोबास गरेका भुमिहिन, विपन्न, सिमान्तकृत वर्गहरुलाई "मुख्यमन्त्री आवास सुरक्षा योजना" मार्फत प्रकृतिक रुपमा हुने विपद जोखिम विरुद्धको कार्यक्रमका लागि रु ३ करोड विनियोजन गरेको छु।

१२२. मधेश प्रिमियर लिग (MPL), मधेश ओलम्पीक स्पोर्टस केन्द्र, शहीद राममनोहर पार्क, किसान आन्दोलन पार्क, दलित युवा सशक्तिकरण लगायतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. नागरीकलाई प्रकृतिक लगायतका विपद जोखिमबाट उत्पन्न क्षतीलाई न्यूनिकरण गर्न तथा लक्षित वर्गको सुरक्षामा समेत टेवापुग्ने उदेश्यका साथ मुख्यमन्त्री जनधन सुरक्षा कार्यक्रमको लागि रु १ करोड विनियोजन गरेको छु।

१२४. युवा वर्गहरुलाई खेलकुद तर्फ आकर्षिक गर्न तथा खेलकुद क्षेत्रको प्रवर्द्धन गर्नको लागि युवाहरुको लागि स्पोर्ट्स सामाग्री प्रदान गर्नको लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु।

१२५. खेलकुद तथा समाज कल्याण मन्त्रालय तर्फ रु १ अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन गरेको छु।

**भौतिक पुर्वाधार**

**माननीय सभामुख महोदय,**

१२६. एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा ५-५ किलोमिटरका दरले सडक कालोपत्रे गरी सडक विकासलाई सन्तुलित एवं योजनाबद्ध रुपले निर्माण कार्य अगाडी बढाउन बजेट विनियोवजन गरेको छु।

१२७. एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रमलाई आवश्यकता अनुसार पुल निर्माण गर्नको आगामी आर्थिक वर्षदेखि कार्यान्वयनको चरणमा लग्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२८. प्रदेश भित्र रहेका सम्पूर्ण पालिकाहरुलाई पक्की सडक संजाल मार्फत जोड्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२९. मधेश शहिद लोकमार्गलाई स्तरोन्नती गर्न सहयोगी संस्था विश्व बैंक, एडिबि लगायतका वैदेशिक साझेदारहरुसँग आवश्यक समन्वय गरी उक्त राजमार्गको कार्य आगाडी बढाउन आवश्यक व्यवस्था मिलाएको छु।

१३०. स्थानिय तथा प्रदेशिक झोलुङ्गे पुल निर्माण तथा झोलुङ्गे पुल निर्माणमा उपलब्ध गराउदै आएको प्राविधिक सहयोगलाई निरन्तरता दिनुको साथै सडक पुल निर्माण हुन नसक्ने स्थानमा आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गरिनेछ।

१३१. मधेश प्रदेशको प्रत्येक जिल्लामा एक बहुउद्देशिय सभाहल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३२. भौतिक पुर्वाधार मन्त्रालय तर्फ रु १३ अर्ब ११ करोड ५२ लाख ७४ हजार विनियोजन गरेको छु।

**स्वस्थ्य तथा जनसंख्या**

**माननीय सभामुख महोदय,**

१३३. संविधान प्रदत्त आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रत्याभुत गराउन स्वास्थ्य सेवालाई थप विस्तार गर्न "मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नाराका साथ पालिकाहरुको समन्वयमा मधेश प्रदेशका प्रत्येक जिल्लामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि यथेष्ट रकम विनियोजन गरेको छु।

१३४. आधारभुत स्वास्थ्य सेवाको विस्तारका लागि न्यूनतम सेवा मापदण्ड व्यवस्थापन तथा अस्पताल सुदृढीकरण कार्यक्रमलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु।

१३५. किशोर किशोरीहरुलाई कुलतबाट बचाउन सुर्तीजन्य तथा मादक पदार्थ सेवन तथा लागुऔषध न्यूनीकरण कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु।

१३६. मधेश प्रदेशमा रहेको उच्च दरको आमा र शिशुको उच्च मृत्युदर न्यूनीकरण गर्न मातृ तथा नवजात शिशु स्वास्थ्य व्यवस्थापन प्रणाली Mother and Child Health Management system (MCHMS) का लागि रू. १० करोड विनियोजन गरेको छु।

१३७. मधेश प्रदेशमा बढ्दो स्वास्थ्य जोखिम र विरामी को अनुपातमा स्वस्थ्यकर्मीको संख्या न्यून रहेकाले प्रर्याप्त संख्यामा दरबन्दी सिर्जना गरी पदपुर्तिको प्रकृया अगाडी बढाउन मन्त्रालय तथा मातहतका निकायहरुको संगठन संरचनाको संगठन र व्यवस्थापन सर्वेक्षणको लागि रु.१ करोड विनियोजन गरेको छु।

१३८. प्रदेशवासीको स्वास्थ्य अवस्थालाई सुधार गर्न तथा सम्भावित स्वास्थ्य जोखिमको न्यूनिकरणका लागि मुख्यमन्त्री घरदैलो स्वास्थ्य कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु।

१३९. सुत्केरी र गर्भवती आमा तथा विधालय बालबालिकाको न्यूनतम पोषणको सुनिश्चितताका लागि सुत्केरी तथा गर्भवती आमा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि किशोरी हरुलाई साप्ताहिक Iron, Folic acid and Albendazole वितरणका लागि रू. ३ करोड विनियोजन गरेको छु।

१४०. हरेक जिल्लामा पुर्ण सुसज्जित मेडिकल उपकरण सहितको मोबाईल एम्बुलेन्स व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४१. स्वस्थ्य तथा जनसंख्या मन्त्रालय तर्फ रु ५ अर्ब २१ करोड ६५ लाख ०६ हजार विनियोजन गरेको छु।

**सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन**

**माननीय सभामुख महोदय,**

१४२. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिभैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रिया सरलीकृत गर्ने, सेवाको समय र लागत घटाइनेछ। सूचना प्रविधिको विकास र विस्तार गरि सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१४३. कर्मचारीहरुको क्षमता अभिबृद्धि र जनप्रतिनिधिहरुको अभिमुखीकरण र विभिन्न नीतिगत विषयहरुमा अध्ययन अनुसन्धान गर्न गठित प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सञ्चालन, भौतिक संरचना निर्माण, मर्मत सम्हार र आधुनिकीकरण गर्न बजेट विनियोजन गरेको छु।

१४४. बजेट अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना मार्फत बजेटलाई अनुमानयोग्य बनाइनेछ। आयोजनाको पहिचान, प्राथमिकिकरण र प्रतिफल सुनिश्चित हुने गरी आयोजना बैंकमा प्रविष्टि गरि रकम विनियोजन गरिनेछ। प्रदेश सरकारद्धारा प्रदान गरिने अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुदान कार्यविधि बनाई लागु गरिनेछ।

१४५. नेपाल सरकारबाट सुनिश्चित गरेको तलवमान र भत्ता लाई प्रदेश सरकारका निजामती कर्मचारीहरुमा समेत लागु हुने गरी बजेट व्यवस्था मिलाएको छु। साथै आन्तरिक पर्यटन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु।

१४६. नागरिकले सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा गरेका लगानी सम्वन्धी योगदानको सूचना राखिनेछ। साथै, सार्वजनिक खर्चबाट भएका क्रियाकलापहरुबाट स्थानीय स्तर नै सिर्जना भएका आन्तरिक रोजगारीको सूचना राखिनेछ।

१४७. प्रदेश सरकारअन्तर्गतका निकायहरुले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरु खुला एवं प्रतिस्पर्धी खरिद विधि अनुसार गरिनेछ। ससाना सार्वजनिक निर्माणका कार्यहरु गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तह मार्फत कार्यान्वयन गर्ने नीति लिइनेछ। नागरिकको आयोजनाप्रति प्रतिको स्वामित्व र अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिनेछ।

१४८. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई र शिक्षाको अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यस अनुसार संविधानले प्रवन्ध गरेको विशेष अनुदान सम्वन्धी व्यवस्थालाई प्रभावकारी गराउन संघ र स्थानीय तहसँग समेत सहजीकरण र सहकार्य गरिनेछ।

१४९. "मधेशको आधार पानी" लाई मधेश गौरबको रुपमा लिइनेछ। यस अनुसारका दिर्घकालीन र अल्पकालीन कार्यक्रमहरु परिपूरक गराइ कार्यान्वयनमा लगिनेछ। यस क्षेत्रलाई उर्वर वनाउने शक्तिको रुपमा मधेशका नदीहरु जोड्ने आन्तरिक नहर (Inter–Basin River Canal) परियोजना शुरु गरिनेछ। यस परियोजनाबाट मधेशको जीवनरेखा (Life Line) को रुपमा रहेका वागमती-कमला-रातु- नदीहरुलाई जोड्ने गरी चुरेको फेदीमा वृहद् नहरको निर्माण शुरु गरिनेछ। यसका लागि चालु आर्थिक वर्षमा संभाव्यता अध्ययन गर्ने रु. १ करोड वजेट छुट्याएको छु। यस परियोजनाका लागि प्रदेशबाट स्थानीय तहमा कार्यान्वयनमा जाने आयोजनाहरुलाई बजेटमा समावेश गरी विषयगत मन्त्रालयहरु प्रगति लक्ष्यका लागि जिम्मेवार हुने गरी वित्तीय हस्तान्तरण खास विधिमा आधारित भई वितरण गरिएको छ।

१५०. सबै पालिकाहरुलाई राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश अनुसार रु १ अर्व १८ करोड ८ लाख ४० हजार प्रदान गरिनेछ।

१५१. स्थानीय तह आफैले आयोजना छनौट गर्ने गरी मधेशको सुख्खाग्रस्त समस्याको सम्वोधन गर्न महानगरपालिकालाई रु १ करोड ७५ लाख, उपमहानगरपालिकाहरुलाई प्रति उपमहानगरपालिका रु १ करोड २५ लाख, नगरपालिकाहरुलाई प्रति नगरपालिका रु ९५ लाख र गाउँपालिकाहरुलाई प्रति गाउँपालिका रु ८० लाखका दरले जम्मा रु १ अर्व २१ करोड ७५ लाख अनुदान प्रदान गरिनेछ। यसै गरी मधेशको सामाजिक विकास सूचकांङ्कमा कमजोर रहेको स्वास्थ्य र सुख्खा क्षेत्रको समस्याको सम्वोधन गर्ने गरी पालिका आफैले परियोजना छनौट एवं कार्यान्वयन गर्ने गरी प्रति पालिका रु ३० लाखका दरले विशेष अनुदान र रु २० लाखका दरले समपुरक अनुदान प्रदान गरिनेछ। यसका लागि रु ३ अर्व ७ लाख ६३ हजार अनुदान प्रदान गर्ने गरी बजेटको व्यवस्था गरेको छु। यसबाट सही अर्थमा वित्तीय संघीयताको सिद्दान्त अनुसार प्रदेशले स्थानीय सरकारहरुलाई सहजीकरण गरेको सन्देश प्रवाह गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोतव्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१५२. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु.४३ अर्व ८९ करोड २१ लाख ७० हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १६ अर्ब ०७ लाख ०१ हजार अर्थात् ३६.४५ प्रतिशत, पुँजीगततर्फ रु. २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात् ६३.५५ प्रतिशत। यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा प्रतिशतले ०.५० प्रतिशत घटी हो।

१५३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ९ अर्ब ०७ करोड ३० लाख, वित्तीय हस्तान्तरण अनुदान तर्फ वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७९ करोड ९२ लाख तथा शसर्त अनुदानबाट रु. ३ अर्ब ५५ करोड ७८ लाख हजार गरी जम्मा रु. ११ अर्ब ३५ करोड ७० लाख , संघिय राजस्व बाँडफाँटवाट रु. १३ अर्ब ६० करोड र गत वर्षको नगद मौज्दातबाट रु. ७ अर्ब ८६ करोड २१ लाख ७० हजार व्यहोर्दा रु. २ अर्ब न्यून हुनेछ। सो न्यून पूर्ति गर्न आन्तरिक ऋणबाट रु. २ अर्ब जुटाइनेछ। राजस्व, वित्तीय हस्तान्तरण, नगद मौज्दात र संघिय बाँडफाँटवाट प्राप्त श्रोत परिचालन गर्दा नपुग हुने रकम आन्तरिक ऋणबाट व्यहोरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष द्दण्डज्ञ/डद्दको राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१५४. राजश्व प्रशासन महाशाखा सुदृढीकरण गरी कर तथा गैर कर चुहावट न्यूनीकरण गरिने गर्ने व्यवस्था मिलाएको छु।

१५५. प्रदेशको राजश्व अभिबृद्धिको लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरुलाई प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु।

**माननीय सभामुख महोदय,**

१५६. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

१५७. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग र समन्यायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक बृद्धि हुने अपेक्षा गरेको छु। सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिबृद्धि भई सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास लिएकोछु।सरोकारवाला सवैको रचनात्मक सहयोग, सुझाव र सहकार्यको अपेक्षा गरेको छु।

१५८. अन्त्यमा, समृद्ध मधेश ध्येयका साथ ल्याईएको यस बजेट तर्जुमाको क्रममा दिशानिर्देश गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुख/उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्नु हुने राजनैतीक दलहरु, अर्थविद्, विभिन्न क्षेत्रका विषय विज्ञहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर आवासिय नेपाली नागरिकहरु,विकास साझेदार राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरु र आम नागरिकहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दुछु।

साथै प्रस्तुत बजेटको सफल कार्यान्वयनबाट प्रादेशिक हित, एकता र स्वाभिमानमाअभिवृद्धि भई संघीयता संस्थागत हुनमा सघाउ पुग्ने र प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास लिएको छु।

*धन्यवाद।*

# ‘वर्तमान निर्वाचन प्रणालीमा सुधार आवश्यक’

**मधेश प्रदेशस्तरीय संविधान कार्यान्वयन सन्दर्भमा नेपाल डेमोक्र्याटिक लयर्स एसोसिएसनद्वारा शनिवार आयोजित स्थानीय तहमा कानुनी तथा वित्तीय सुशासनसम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता डा कोइरालाले अब प्रत्यक्ष निर्वाचन प्रणालीमा जानुपर्ने आवश्यकता रहेको बताए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले वर्तमान निर्वाचन प्रणालीमा सुधार आवश्यक रहेको बताएका छन् । उनले नेपालको सन्दर्भमा विद्यमान समानुपातिक निर्वाचन प्रणालीमाथि पुनरावलोकन गर्ने बेला आएको बताए ।



मधेशप्रदेशस्तरीय संविधान कार्यान्वयन सन्दर्भमा नेपाल डेमोक्र्याटिक लयर्स एसोसिएसनद्वारा शनिवार आयोजित स्थानीय तहमा कानुनी तथा वित्तीय सुशासनसम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता डा कोइरालाले अब प्रत्यक्ष निर्वाचन प्रणालीमा जानुपर्ने आवश्यकता रहेको बताए । पटक-पटक संघीय तथा प्रदेश सरकारमा हुने परिवर्तनले मुलुकमा राजनीतिक अस्थिरता बढ्दै जाँदा अनियमितता र भ्रष्टाचार मौलाइरहेको उनले बताए । नेता कोइरालाले स्थानीय पालिकालाई राज्यले अधिकार सम्पन्न गराए पनि त्यसको संरचना तथा कार्यशैली पुरानै रहेकाले यसको संरचनामा सुधार आवश्यक रहेको बताए ।

कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य दिनेश कोइरालाले राजनीति गर्नेलाई कानुनको ज्ञान आवश्यक रहेको बताए । अर्का केन्द्रीय सदस्य डा चन्द्रमोहन यादवले मिटरब्याजसम्बन्धी कानुन सच्याउनुपर्ने धारणा राखेका थिए। सांसद रामकृष्ण यादवले कांग्रेस पार्टीमा विचलन आउन नदिन नेता तथा कार्यकर्ता एकजुट हुनपर्छ आवश्यकता माथि जोड दिएका थिए।

कांग्रेस मधेश प्रदेशका सभापति एवं प्रदेश सभासदस्य कृष्ण यादवले मधेशलाई राज्यबाट उपेक्षित बनाउन नहुने धारणा राखे । एसोसिएसनका अध्यक्ष सीताराम केसीको अध्यक्षतामा भएको सो कार्यक्रममा मधेश प्रदेशका सभासदस्य श्याम पटेल, वरिष्ठ अधिवक्ता यदुनाथ खनाल, अधिवक्ता विनोद शर्मा एवं सुधीर कर्णले राजनीतिक स्थायित्वका लागि दलहरुबीचमा एकता र सहकार्य आवश्यक रहेको बताएका थिए । सो कार्यक्रममा संविधानविद् काशीराज दाहालले मधेश प्रदेशका पालिकाका प्रमुख, उपप्रमुख तथा प्रतिनिधिलाई स्थानीय तहमा कानुनी र वित्तीय सुशासनबारे प्रशिक्षण प्रदान गरेका थिए।

त्यस्तै नेपाल प्रेस युनियनले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका नेता डा कोइरालाले सत्ता केन्द्रीत राजनीतिले देशमा अस्थिरता बढाइरहेको बताए ।उनले पछिल्लो समय सत्ता प्राप्तिका लागि गरिरहेको लगातारको उलटफेरले देशको राजनिति गम्भीर मोडमा पुगेको बताए । नेता डा कोइरालाले सत्ताकै लागि मुलुकमा अस्थिरता उत्पन्न गराइरहने प्रवृत्तिबाट सबै पार्टीले बाहिर आउन जरूरी रहेकामा जोड दिए । “राजनीतिक स्थिरताविना सुशासन र सुशासनविना आर्थिक विकासले गति लिन सक्दैन तर देशमा पटक-पटक सरकार बदल्ने र अस्थिरता मच्चाइरहने अवस्था देखियो । यस्तो अवस्थामा जस्तो र जतिसुकै बजेट ल्याइए पनि आर्थिक विकास तथा समृद्धि हासिल गर्न सकिँदैन”, उनले भने ।

अब सबै लोकतन्त्रवादीले सरकारको स्थायित्वको लागि सोच्नुपर्ने बेला आएकामा जोड दिँदै नेता डा कोइरालाले त्यसका लागि निर्वाचन प्रणालीमा सुधार गर्न छलफल अगाडि बढाउन आवश्यक रहेको धारणा राखेका थिए।

यसैगरी उनले अस्थिर राजनीतिका कारण विकासले गती नपाउने मात्र नभइ राजनीतिमा अपराधीकरणले प्रश्रय पाइरहेकाले राज्यका निकायले समेत आफ्नो भूमिका निर्वाह गर्न नसकेको बताए । “हामीले देखिरहेका छौं सहकारी मात्रै होइन, धेरै ठाउँहरुमा अनावश्यक हिसाबले अख्तियारको दुरुपयोग भइरहेको छ। कानुनअनुसार काम गर्ने दायित्व भएका निर्वाचन आयोग, सिआइबी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकाय पनि चुकिरहेका छन् । यी सबैको जड भनेकै अस्थिरता र राजनीतिमा अपराधीकरण छ” उनले भने ।

# जसपा नेपालसँग भावी दिनमा सहकार्य नहुने : नेता पौडेल

**टुडे समाचारदाता**

राजविराज । नेपाली कांग्रेसका युवा नेता एवम् केन्द्रीय सदस्य प्रदीप पौडेलले आगामी दिनमा जनता समाजवादी पार्टी (जसपा) नेपालसँग कुनै सहकार्य वा गठबन्धन हुन नसक्ने बताएका छन् । शनिवार राजविराज स्थित नेपाली कांग्रेस सप्तरीको पार्टी कार्यालयमा संचारकर्मीहरुसित कुरा गर्दै उनले यस्तो बताएका छन् ।



‘जसपा नेपालका अध्यक्ष यादवले कांग्रेसले लगाएको सबै गुण विर्सेर हालै सो पार्टीको जनकपुरधाममा सम्पन्न महाधिवेशनमा कांग्रेस प्रति जुन दृष्टिकोण सार्वजनिक गरेको छ त्यो साह्रै आपत्तिजनक छ, नेता पौडेलले भने-‘यसलाई हामीले बडो गम्भीरतापूर्वक लिएका छौ ।’ उनले जसपा अध्यक्ष यादवले कांग्रेसलाई महाधिवेशनमा लगाएका आरोप र गरेको टिप्पणीका कारण अव सो पार्टीसँग गठबन्धन हुन नसक्ने जिकिर गर्दै यसबारे आम कार्यकर्ताहरुबाट समेत ठूलो गुनासाहरु आएको बताए ।

जसपा नेपाल सँग भावी दिनमा सहकार्य नगर्ने विषयमा अब बस्ने केन्द्रीय समितिको बैठकमा जोडदार रुपमा कुरा उठने बताउँदै उनले आफ्नै गलत बयानबाजीका कारण जसपा नेपाल टुक्रिनुका साथै केन्द्र र प्रदेशमा बनेको पूर्व गठबन्धनबाट एक्लिदै गएको बताए । ‘२०७९ को प्रतिनिधिसभा निर्वाचनमा बाराबाट चुनाव जिताउन कांग्रेसले गरेको सहयोग उपेन्द्र जीले बिर्सिनु भएको छ उनले भने -‘अब जतिसुकै सांसद संख्या पुऱ्याएर आए पनि उनी र उनको पार्टीसँग कांग्रेसले सहकार्य गर्दैन ।’

उनले उपेन्द्र जी र कांग्रेस नेतृत्वले चाहेर पनि भविष्यमा जसपा नेपालसँग सहकार्य नहुने भन्दै यसबारे पार्टी भित्र पनि एउटा स्पष्ट विचार र धारणा बनिसकेको जनाए । संघीय र प्रदेश सरकार फरक फरक परिस्थितिमा बन्ने गरेकाले संघमा बन्ने गठबन्धन प्रदेशमा लादनु संघीयताका लागि घातक हुने उनको भनाइ छ । प्रतिनिधि सभा सदस्य समेत रहेका उनले संघीयता र नयाँ संविधान ल्याउने दलहरुनै अधिकार, संघीयता र संविधान कार्यान्वयन गर्ने सवालमा गतिशिलता र इच्छाशक्ति नदेखाउँदा आन्दोलनबाट आएको परिवर्तनको अनुभुति आम जनताले गर्न नपाइरहेको बताए ।

उनले वर्तमान सरकारलाई बोल्ने धेरै तर काम केही न नगर्ने सरकारको संज्ञा दिदै बोलेको कुरा पुरा गर्न समेत आग्रह गरे । सो अवसरमा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल लगायतको पनि उपस्थिति रहेको थियो ।

# महतोद्वारा मधेशी-पहाडी एकता सभा आयोजना



**टुडे समाचारदाता**

मलंगवा । राष्ट्रिय मुक्ति क्रान्तिले सर्लाहीमा ‘मधेशी-पहाडी एकता सभा’को आयोजना गरेको छ ।

मधेश ब्यूरो र चुरे सिवालिग विशेष ब्यूरोको आयोजना तथा पूर्व मन्त्री रामनरेश राय यादवको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले मधेश मुद्दालाई ओझेलमा पार्नका लागि राज्यले मधेश आन्दोलनलाई पहाडी विरुद्धको आन्दोलन भएको भ्रम फैलाएको दाबी गरे ।

यो भ्रमलाई चिर्न र सबै उत्पीडित जाति र समुदायको माग मुद्दा पुरा गराउन मधेशी पहाडी एकता सभाको आयोजना आवश्यक रहेको बताउँदै उनले लोकतान्त्रिक आन्दोलनको कार्यभार पुरा नभएकोले क्रान्ति गर्न आवश्यक रहेको बताए ।

अर्का नेता केशव झाले देशका सबै उत्पीडितहरू

> राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले मधेश मुद्दालाई ओझेलमा पार्नका लागि राज्यले मधेश आन्दोलनलाई पहाडी विरुद्धको आन्दोलन भएको भ्रम फैलाएको दाबी गरे ।

अहिलेसम्म छुट्टाछुट्टै सङ्घर्ष गरेकाले कसैले केही प्राप्त गर्न नसकेको बताए । आदिवासी जनजाति, मधेशी, उत्पीडित खस आर्य सबै मिली संघर्ष गर्नुको विकल्प नरहेको उनले बताए । मधेशमा तराई, पहाड, हिमाल सबै भूगोलका बासीहरू बस्ने भएकोले आपसी सद्भाव र सहअस्तित्व स्वीकार गर्नुपर्ने उनको भनाई थियो।

कार्यक्रममा तामाङ धेदुङका राष्ट्रिय अध्यक्ष मोहन गोले, राष्ट्रिय मुक्ति क्रान्तिका नेतागण कमला गुरुङ, सुमन सायमी, राजिव झा, बुद्धछिरिङ मोक्तान, जुनतारा पुन मगर, कौशल सिंह कुशवाहा, नेजामुदिन समानी, रमण पाण्डेय, नेरुता मोक्तान, हुसेन खान, विनोद साह, जीवन तामाङ, राजेश यादव लगायतका नेताहरूले सम्बोधन गरेका थिए।

लालबन्दीको खेल मैदानबाट सुरु भएको र्‍याली तरकारी बजार चौकमा पुगी सभामा परिणत भएको थियो। स्थानीय युवा नेता जिगमेला बमजनले कार्यक्रम सञ्चालन गरेका थिए।

# मधेश प्रदेशमा पहिलो पटक ‘टेलिअफ्थाल्मोलोजी’ प्रविधिबाट आँखाको उपचार

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केवरमा‘टेलिअफ्थाल्मोलोजी’ प्रविधिबाट आँखाको उपचार सेवा सुरु गरिएको छ । ढल्केबरमा रहेको रेयूकाई एईको मासुनागा आँखा अस्पतालले सो प्रविधिबाट आँखाको उपचार सेवा सुरु गरेको छ।



अस्पतालका महासचिव हिरामणि शर्माले मधेश प्रदेशमा पहिलो पटक यस अस्पतालले ‘टेलिअफ्थाल्मोलोजी’ प्रविधिबाट आँखाको उपचार सेवा सुरु गरिएको दाबी गरे। यो प्रविधिको प्रयोगले आँखाको पर्दामा देखिएको समस्या पहिचान गर्न सजिलो हुने र आँखारोग विशेषज्ञसँग प्रत्यक्ष कुराकानी गरेर बिरामीको रोगको उपचार गर्न सकिने उनले जानकारी दिए।

यो प्रविधिबाट यहाँका आँखाका बिरामीलाई बनेपास्थित रेयूकाई एईको मासुनागा आँखा अस्पतालका विशेषज्ञले ‘अनलाइन’ मार्फत प्रत्यक्ष सेवा दिन सकिने उनको भनाइ छ । महासचिव शर्माले भने, “प्रविधिको माध्यमबाट यहाँका बिरामीलाई हामी आँखाको रेटिनामा भएका समस्याहरु पनि विशेषज्ञसँग परामर्श गराइ उपचार गराउने छौं, आँखाको नानी फुलाएर नानीको पछाडिको समस्या पनि प्रत्यक्ष देख्न सकिन्छ।”

उनका अनुसार मधेश प्रदेशका नागरिक अब आँखाको विशेषज्ञ सेवा लिनकै लागि हजारौं रुपैयाँ खर्च गरेर काठमाण्डु वा अन्य ठाउ जानुपर्दैन । यो प्रविधिको माध्यमबाट ढल्केबरमै आँखारोग विशेषज्ञबाट उपचार सेवा दिन सकिन्छ।

यस प्रविधिले ग्रामीण भेगको दुरदराजमा रहेका बिरामीलाई काठमाण्डु पुगेर सेवा लिनु पर्ने झण्झटबाट मुक्त हुने महासचिव शर्माले बताए।

# कृषि विश्व विद्यालयमा मन्त्रालयको हस्तक्षेप

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार अर्न्तगतको स्वायत संस्था कृषि विश्व विद्यालयमा शिक्षा तथा संस्कृति मन्त्रालयले ठाडो हस्तक्षेप गरेको छ। २०७८ मंसिर २७ गतेमा सप्तरीमा स्थापना गरिएको मधेश प्रदेश सरकारको गौरवका आयोजना मध्येका एक मधेश कृषि विश्व विद्यालयले कर्मचारी भर्नाकालागि गरेको सूचना मन्त्रालयले परिपत्र गरी रोकेका छन्।



विश्व विद्यालयले सूचना गरी कर्मचारी भर्ना गर्न लागेका थिए जसको परीक्षा शनिवार तोकिएको थियो । तर, प्रदेशमा सरकार हेरफेर भएपछि शनिवार तोकिएको परीक्षा रोक्नकालागि मन्त्रालयले परिपत्र गरेको छ। मन्त्रालयमा भिसि लगायत ८ वटा मात्रै कर्मचारी रहेको छ। कर्मचारी नहुँदा विश्व विद्यालय सञ्चालनमा कठिनाइ भइरहेको छ।

तर, शुक्रबार बसेको मन्त्री स्तरी बैठकबाट परीक्षा रोक्न भनिएको मन्त्रालयका शाखा अधिकृत प्रदीपकुमार साहले विश्व विद्यालयबाट नयाँ प्रध्यापक तथा कर्मचारीहरु भर्ना सम्वन्धी गरिएको सम्पूर्ण प्रक्रियाहरु यस मन्त्रालयबाट अर्के आदेश नभए सम्मको लागि रोक्का राख्नु हुन यस मन्त्रालयको २०८१ जेठ ३२ गते को (मन्त्रीस्तरीय) निर्णय अनुसार अनुरोध छ भनि विश्व विद्यालयलाई शुक्रबार जानकारी गराइएको थियो।

कृषि विश्व विद्यालय स्थापना भएको करिव अढाइ बर्ष सम्म भिसि लगायत ८ वटा कर्मचारी मात्रै रहेका छन्। जवकी विश्व विद्यालयले कृषि, पशु चिकित्सा विज्ञान (भेटेरीनरी), दुग्ध विज्ञान, खाद्य प्रविधि, मत्स्य विज्ञान संकायहरु समेत गरी २०८० वैशाख ३१ देखि कृषि महाविद्यालयको कृषि संकाय अन्तर्गत कृषि स्नातक तह मा दुई व्याचमा एक सय जना विद्यार्थीहरुलाई पठन पाठन गराउँदै आएको छ।

२०८० माघ ८ गते सप्तरीमा मधेश कृषि विश्व विद्यालयको भवन शिलान्यास जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले गरेका थिए। तर, तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री महेश यादवले त्यो क्षेत्रवाट निर्वाचित संघीय सांसद सिके राउतले शिलान्यास गर्नुपर्ने भन्दै त्यहाँ कुटाकुटनै भएको थियो।

तत्कालीन मन्त्री जनमत पार्टीबाट थिए भने तत्कालीन मुख्यमन्त्री जसपा नेपालबाट सरोजकुमार यादव थिए। मधेश प्रदेश सरकारको गौरवको आयोजना मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतकै कार्यकालमा मधेश कृषि विश्व विद्यालयको स्थापना भएको थियो । शिलान्यास कार्यक्रममा कुटाकुट भएपछि जनमतका मधेश सभासदस्यहरुले संसदीय छानविन समिति गठन गर्नुपर्ने माग गर्दै सदन अवरोध गर्दै आएका थिए। अन्ततः छानविन समिति पनि गठन गरियो।

तर, अन्तिम समयमा आएर वर्तमान जनमत नेतृत्वको सरकारले परीक्षा स्थगित गरेको निर्णय प्रतिशोधनै रहेको जसपा नेपालका नेता कार्यकर्ताहरुले आरोप लगाएका छन्। उनीहरु भन्छन्-‘विश्वविद्यालय शिलान्यास पछि काम तीव्र रुपमा हुँदैछ तर जनमत नेतृत्वको सरकार सो विश्वविद्यालय धरासाही बनाउने प्रपञ्च स्वरुपनै परीक्षा स्थगित गर्ने निर्णय गरेको छ।’

हुनत शिक्षा तथा संस्कृति मन्त्रीमा नेकपा एमालेका मधेश प्रदेश सभासदस्य राजकुमार लेखी मन्त्री छन् तर यो आदेश भने मुख्यमन्त्रीकै रहेको उनीहरुको गुनासो छ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटाएको छ। इन्डियन आयल कर्पोरेसनबाट



प्राप्त नयाँ खरिद मूल्य अनुसार शनिबार बसेको निगम सञ्चालक समितिको बैठकले आइतबार बिहान १ बजेदेखि लागु हुने गरी पेट्रोलमा प्रतिलिटर ३ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर एक रुपैयाँ घटाएको छ।

मूल्य घटेपछि काठमाण्डु, पोखरा र दिपायल वरपर पेट्रोलको मूल्य प्रतिलिटर १६५ कायम भएको छ।

त्यस्तै डिजेल र मट्टितेलमा काठमाण्डु, पोखरा र दिपायल वरपर प्रतिलिटर १५२, सुर्खेत र दाङ वरपर १५१ र चारआली, विराटनगर, जनकपुरधाम, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज वरपर १४९ रुपैयाँ कायम भएको छ।

# भारतीय महावाणिज्य दूतावासद्वारा योग शिविर

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा असार २ गते आइतबारदेखि असार ७ गते शुक्रबारसम्म मुलुकका विभिन्न छ ठाउँमा छ चरणमा योग शिविरको आयोजना गर्ने भएको छ।



भारतीय महावाणिज्य दूतावास वीरगन्जका महावाणिज्य दूत देवी सहाय मिनाले अन्तर ाष्ट्रिय योग दिवसको स्थापना गर्ने प्रस्ताव भारतले गरेको र नेपालसहित एक सय ७७ सदस्य राष्ट्रले अनुमोदन गरेपछि योगको महत्व र सान्दर्भिकता अझै बढ्दै गएकाले यसलाई अझै व्यापकता दिन तथा योगलेनैं निरोग राख्ने र स्वस्थ्य राख्ने भएकाले महावाणिज्य दूतावासले वीरगञ्जमा मात्रै सीमित गरेको योग शिविरलाई व्यापकता दिन तथा यसको महत्व दर्साउन मुलुकको विभिन्न छ ठाउँमा योग शिविरको स्थापना गर्न लागिएको जानकारी दिए।

उनले पहिलो चरणमा आइतबार हेटौंडाको रोयल पार्टी प्यालेस, सोमबार चितवनको नारायणी नदी किनारमा, मंगलबार रौतहटको गौर राइस मिल्स जनकपुरधामको तिरहुतिया गाछीमा, बुधबार पर्साको शिवमन्दीरमा, बिहीबार समापन कार्यक्रम र शुक्रबार वीरगञ्जको पुरानो बसपार्कमा राखिएको बताए।

महावाणिज्य दूत मिनाले योग शिविरमा विभिन्न ख्याति प्राप्त योग गुरु तथा लब्ध्प्रतिष्ठित व्यक्ति र विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूलाई आमन्त्रण गरिएको र शिविर पूर्ण रूपले खुल्ला र निःशुल्क हुने जानकारी दिए।

# सेनाद्वारा विपद् प्रतिकार्य तालिम प्रदान

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको नवलपुरस्थित नेपाली सेनाको भैरवीदल गण पाँचकुमारीले ईश्वरपुर नगरपालिकाभित्रका ३० जनालाई विपद् प्रतिकार्य तथा उद्धार तालिम प्रदान गरेको छ।



ईश्वरपुर नगरपालिकासँग सहकार्य गरी नगरभित्रका स्वास्थ्यकर्मी, रेडक्रसका प्रतिनिधि र विद्यार्थीलाई गणभित्रै तीन दिनको तालिम प्रदान गरिएको छ । सहभागीलाई बाढी तथा डुबान, आगलागी र आकस्मिक रूपमा बिरामी परेका व्यक्तिको उद्धार गर्न सिकाइएको भैरवीदल गणका गणपति एवम् प्रमुख सेनानी सूर्यबहादुर कार्कीले जानकारी दिए।

तालिमको शनिबार बिहान ईश्वरपुर नगरपालिकाका नगरप्रमुख मनोजकुमार आचार्यको प्रमुख आतिथ्यतामा समापन गरिएको छ । मनसुनजन्य विपद्लाई प्रतिकार्य तथा उद्धार गर्न प्रभावकारी पूर्व तयारीका लागि गण र नगरपालिकाले सहकार्य गरी ईश्वरपुर नगरपालिकाको १५ वटै वडाबाट प्रतिनिधि सहभागी गराएर यस प्रकारको तालिम प्रदान गरेका छन्।

विभिन्न समयमा आइपर्ने विपद्लाई मध्यनजर गरी स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सक्रिय बनाउने तथा समुदायमा विपद् प्रतिकार्य सम्बन्धी ज्ञान र आत्मभरोसा अभिवृद्धि गर्ने उद्देश्यले तालिम प्रदान गरिएको प्रमुख सेनानी कार्कीले बताए। सेनाको भैरवीदल गणले दुई साताअघि बागमती नगरपालिकास्थित बागमती खोलामा जिल्लास्तरीय विपद् प्रतिकार्य अभ्यास प्रदर्शन गरेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८